मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक ०७ ● २०८२ साल कार्तिक ३० गते आइतबार ● Sunday 16, November 2025 ● सूर्योदयः बिहान ०६:१५ बजे ● सूर्यास्तः साँझ ५:१४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## पेट्रोल र डिजेलमा मूल्यवृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको छ । नेपाल आयल निगमले पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ र डिजेला प्रतिलिटर ३ रुपैयाँ मूल्यवृद्धि गरेको छ ।

भारतबाट डिजेल प्रतिलिटर ६ रुपैयाँ ५३ पैसा मूल्य बढेर आए पनि ३ रुपैयाँ मात्रै मूल्य बढाइएको बताइएको छ । पेट्रोल भारतबाट २ रुपैयाँ ५४ पैसा मूल्यवृद्धि भएर आएको छ । निगमले उपभोक्ताको हितलाई मध्यनजर गरी भारतबाट बढेर आएको मूल्यभन्दा घटाएर मात्रै मूल्य बढाएको जनाएको छ ।

# ‘डिफेन्सिभ’ मूडमा एमाले

## मधेशवादीप्रति अक्रामक, कांग्रेससँग रणनीतिक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सोमबार बिहान बर्दिबासको होटलमा तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोज कुमार यादवलाई मधेश प्रदेशको मुख्यमन्त्री नियुक्त गरेपछि शुरु भएको विवाद साम्य हुने देखिएको छैन । मधेश भवनबाट शुरु भएको विवाद मधेश प्रदेशको प्रदेश प्रमुख सुमित्रा सुवेदीको बर्खास्ती केन्द्र सरकारले गरिसकेकेको छ ।

यतिमा साम्य हुने आँकलन गरिए पनि सातदल नेकपा एमालेको गतिविधिप्रति निकै आक्रामक बन्दै प्रदेश सभा सभामुख रामचन्द्र मण्डललाई चलनचल्ती भाषामा महाअभियोग लगाइसकेका छन् । पदअनुकूल आचरण नगरेको अभियोगको प्रस्तावको सहित उनलाई हटाउन सात दलका प्रदेश सभा सदस्यले दर्ता गराइसकेका छन् । दर्ता भएको मितिदेखि एकसातामा उनी स्वतः निलम्बन हुने कानूनी व्यवस्था छ ।

अर्कोतिर गत आइतबार नै मुख्यमन्त्री यादवको नियुक्तिविरुद्ध सात दलले सर्वोच्च अदालतमा बर्खास्तीको रिट दायर गसिकेको छ । दीर्घकालीन असर पर्ने गरी काम नगर्न अदालतले आदेश दिइसके पनि थप निर्णय भने आज आइतबार गर्नेछ । एकपछि अर्को पद जाने निश्चित भएपछि नेकपा एमाले ‘डिफेन्सिभ’ मूडमा पुगेको छ । कांग्रेसको समर्थन पाउने भए पनि एमालेले चालेको कदमविरुद्ध उनीहरु पनि चिढिएका छन् ।

तत्कालीन प्रदेश प्रमुखले रातारात होटलमा नै नयाँ मुख्यमन्त्रीलाई शपथ गराएपछि उत्पन्न भएको संवैधानिक विवादले अहिले प्रदेशसभा, सडक र सर्वोच्च अदालतसम्म राजनीतिक तनाव फैलिएको छ । संविधानको धारा १६८(३) को विवादास्पद प्रयोगपछि राजनीतिक कल्चरमाथि पनि प्रश्न उठेको छ । त्यसको प्रभावले सभामुख उपसभामुखबीच समानान्तर सत्ताजस्तै अवस्था र प्रदेश प्रमुखको तटस्थतामाथि उठेका गम्भीर प्रश्नसँगै मधेश संघीयताको सबैभन्दा जटिल संकटको केन्द्रबिन्दु बनेको छ ।

यता महाभियोगको आवेगतामा सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री यादवकै निर्देशनमा नागरिक उन्मुक्तिकी उर्मिला सिंह र जसपा नेपालका सञ्जय कुमार यादव, सिंहासन सा कलवार, जसपा नेपाल प्रवक्ता मनिष कुमार सुमन र जसपा नेपालकै अर्का शारदा शंकर प्रसाद कलवारलाई पदरिक्त गरिसकेका छन् । यो निर्णयमा सभामुख मण्डल र उपसभामुख बबिता इसर राउत आमनेसामने छन् भने यो निर्णयविरुद्ध पाँचजना सांसद अदालत गुहार्ने तयारीमा छ ।

शनिबार एकाबिहानै भएको पत्रकार सम्मेलनमा ‘ड्यामेज कन्ट्रोल’ गर्न मुख्यमन्त्री यादवले मधेशवादी र खुलेरै भारतीय दूतावासमाथि आरोप लगाए । मुख्यमन्त्रीका कदमविरुद्ध पार्टीमै विवादपछि अलमल्लमा परेका सरोज यादवले विभिन्न फन्डा अपनाएको जानकारहरुको दाबी छ । पदभार ग्रहणसँगै काठमाडौं दौडिएका दलका नेता यादवलाई पार्टी अध्यक्ष केपी शर्मा ओलीले पनि ग्रिन सिग्नल नदिएको बताइन्छ ।

यता यी सबैलाई ‘म्यानेज’ गर्न

*बाँकी पृष्ठ २ मा*

# भारत र दुताबासलाई दोष लगाउनु दुर्भाग्यः राउत



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतले मुख्यमन्त्री सरोजकुमार यादवले भारतीय दुताबास, महावाणिज्यदुताबासबारे दिएको अभिव्यक्ति दुःखद र नेपाली राजनीतिको दुर्भाग्य भएको बताएका छन् । मधेशदृष्टिसँग शनिबार साँझ कुराकानी गर्दै राउतले नेकपा एमालेका नेताहरुले केन्द्रदेखि प्रदेशसम्म लोकप्रियताका लागि मित्रराष्ट्र र सहयोगी छिमेकीहरुप्रति लाञ्छना लगाइरहेको बताए ।

उनले आफ्नो आन्तरिक समस्या समाधानमा लाग्नु पर्नेमा दुताबास, महावाणिज्यदुताबासप्रति नकारात्मक टिप्पणी गर्नु गलत र औचित्यहीन रहेको बताए ।

उनले संविधानको धारा १६८ को उपधारा २ अनुसार सरकार बन्ने अवस्थासम्म उपधारा ३ आकर्षित नहुने सर्वोच्चको व्याख्यासमेत बंग्याएर सरकार बनाउने र भारतलगायत छिमेकीलाई गाली गर्ने काम एमालेको सबै नेतामा देखिएको बताए ।

सर्वोच्चको व्याख्या नाघेर सरकार बनाउँदा मधेश प्रदेश प्रमुख नै पदमुक्त हुँदा आफ्नो आन्तरिक मामिला र संवैधानिक अवस्थामा भएको त्रुटि सच्याउनु पर्नेमा छिमेकीलाई गाली गर्नु राजनीतिक दुर्भाग्य मात्र भएको प्रथम मुख्यमन्त्री राउतको तर्क छ । शनिबार मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले सरकार निर्माणमा महावाणिज्यदुताबासको प्रत्यक्ष हस्तक्षेप हुने, पार्टी फुटाइदिने धम्की देखिने गरेको बताएपछि प्रथम मुख्यमन्त्री राउतको यस्तो धारणा आएको हो ।

# सुरक्षा परिषदको बैठक



मधेश प्रदेशमा विभिन्न आन्दोलनका कारणले उत्पन्न भएको अवस्था, शान्ति सुरक्षामा परेको प्रभाव सहितका विषयमा छलफल गर्न प्रदेश सुरक्षा समन्वय समितिको बैठक भएको छ ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्रालयका कार्यभार समेत सम्हालेका प्रदेश मुख्यमन्त्री सरोज कुमार यादवको अध्यक्षतामा गृह मन्त्रालयमा भएको बैठकमा प्रदेशको समग्र सुरक्षा अवस्था तथा फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचन सहितका विभिन्न विषयमा छलफल भएको हो ।

बैठकमा प्रदेशमा अहिले विभिन्न पक्षबाट भइरहेको आन्दोलन तथा सुरक्षा चुनौतीका विषयमा छलफल भएको मधेश प्रदेशका निमित्त प्रमुख सचिव लालबाबु कवाडीले जानकारी दिए । कात्तिक २८ गते धनुषाको मिथिला बिहारी नगरपालिकाको वडाध्यक्षको हत्या सहितको विषयमा धनुषाका प्रमुख जिल्ला अधिकारीले प्रदेश सुरक्षा समन्वय बैठकमा जानकारी दिए ।

बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले मधेश प्रदेशको शान्ति सुरक्षा स्थापनाका लागि सुरक्षा निकायका प्रदेश प्रमुखहरू पूर्ण प्रतिबद्ध रहेको प्रतिबद्धता प्रकट गरेको जानकारी दिए । प्रदेश सुरक्षा समन्वय बैठकमा मधेश प्रदेशका प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी नायव महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, नेपाली सेनाका प्रदेश प्रमुखका साथै धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलसहितका सुरक्षा अधिकारीको सहभागिता थियो ।

# चौरमै प्रदेश सभा बैठक



यसैबीच, उपसभामुख बबिताकुमारी राउतले सभामुखमाथि अविश्वास प्रस्ताव दर्ता भइसकेकाले प्रक्रिया अघि बढाउन चौरमै प्रदेशसभा बैठक सञ्चालन गरेकी छन् । उनले अविश्वास प्रस्ताव दर्ता भएपछि सभामुखले सांसदहरूलाई पदमुक्त गर्न नपाइने स्पष्ट गरेकी छन् ।

# मुख्यमन्त्रीमाथि सुरक्षा थ्रेट

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले आफूलाई सुरक्षा थ्रेट रहेको बताएका छन् । शनिबार बिहान आफ्नो भाडाको आवासबाट प्रदेशको नाममा सम्बोधन गर्दै मुख्यमन्त्री यादवले आन्दोलनकारीबाट

आफूलगायत सभामुख प्रदेशसभा सदस्यहरूको सुरक्षा थ्रेट रहेको बताए । उनले आफ्नो सुरक्षामा नेपाली सेना सशस्त्र प्रहरी नेपाल प्रहरी रहे पनि आन्दोलनकारीबाट सुरक्षा थ्रेट रहेको बताए । यस्तै, मुख्यमन्त्री यादवले मधेशवादी दलसँग कुनै एजेन्डा नभएकाले चुनाव नजिक भएको कारण आन्दोलनमा उत्रेको आरोप लगाए । उनले मधेशवादी दलले मधेशी पहाडीको सेन्टिमेन्ट देखाएर मत पाउने होडमा लागेको आरोप लगाउँदै पछिल्लो चुनावमा जनताले मधेशको पार्टी एमाले, कांग्रेस रहेको देखाइसकेको बताए ।

मुख्यमन्त्री यादवले गत शनिबार राजीनामा दिइसकेका जितेन्द्रप्रसाद सोनलले अहिले पनि मुख्यमन्त्री आवासलाई कब्जा गरेर राखेको बताए । उनले मुख्यमन्त्रीले प्रयोग गर्ने आवास गाडी लगायतका सामग्रीमा सोनलले कब्जा गरेर राखेको बताए ।

### सात दलद्वारा बैठक बहिस्कार

मधेश प्रदेश प्रमुखले आह्वान गरेको सर्वदलीय बैठक सातदलीय गठबन्धनले बहिष्कार गरेको छ । शनिबार दिउँसो ३ बजे प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले सर्वदलीय बैठक आह्वान गरेका थिए । तर सर्वदलीय बैठकमा वर्तमान मुख्यमन्त्री सरोजकुमार यादव नेकपा एमाले संसदीय दलको नेताको हैसियतले सहभागी हुने भएका कारण अन्य दल बैठक बहिष्कार गरेका हुन् । बैठकमा मुख्यमन्त्री यादव भने पुगेका थिए । जसपा नेपालका प्रमुख सचेतक राम अशिष यादवले असंवैधानिक रूपमा नियुक्त भई होटेलमा सपथ खाएका वर्तमान मुख्यमन्त्री बैठकमा सहभागी हुने भएकाले सातदलीय गठबन्धनले बहिष्कार गरेको बताए ।

## सर्वजनिक सम्पत्ति संरक्षण सम्बन्धी सूचना

सर्वजनिक सम्पत्ति हाम्रो साझा धरोहर हो । यसको संरक्षण गर्नु हरेक नागरिकको नैतिक कर्तव्य मात्र होइन, कानूनी जिम्मेवारी पनि हो ।

हामी सबैले तिरेको करबाट निर्माण भएका सार्वजनिक संरचना, बाटो, पार्क, भवन, विद्युत्, पानीका सुविधा तथा अन्य सम्पत्तिको हेरचाह गर्नु हाम्रै जिम्मा हो ।

### सर्वजनिक सम्पत्तिको संरक्षण गरौँ, जोगाऊँ—

- किनकि यो सम्पत्ति हाम्रै श्रम, पसिना र करबाट बनेको हो ।
- यसको नोक्सानी वा दुरुपयोग अन्ततः हामी सबैलाई नै असर गर्छ ।
- सुरक्षित र सदुपयोग गरिएका सार्वजनिक संरचनाले हाम्रो समाज, सहर र देशको विकासलाई तीव्र बनाउँछ ।

सार्वजनिक सम्पत्ति बिगार्ने, तोडफोड गर्ने वा दुरुपयोग गर्ने कार्य कानूनी कारबाही योग्य छन् ।

आफू सचेत बनौँ, अरूलाई पनि सचेत गराऔँ—

**साझा सम्पत्ति बचाउन आजैबाट जिम्मेवार नागरिक बनौँ !**

**सार्वजनिक सम्पत्ति जोगाउने हामी**
**उज्यालो भविष्य बनाउने हामी**

जनहितमा जारी सन्देश

**खेलकुद तथा समाजकल्याण मन्त्रालय**
मधेश प्रदेश, नेपाल

# तीन वर्षमा दुई हजार बढीको निःशुल्क मोतियाबिन्दु शल्यक्रिया

**सिरहा ।**
नेपाल नेत्रज्योति संघद्वारा सगरमाथा चौधरी आँखा अस्पताल लहानको सहकार्यमा लहान नगरपालिका सञ्चालन हुँदै आएको आँखा जाँच शिविरले तीन वर्षको अवधिमा दुई हजारभन्दा बढी मोतियाबिन्दु बिरामीलाई शल्यक्रियामार्फत निःशुल्क उपचार गरेको छ ।

नगरपालिकाका २४ वटै वडामा आयोजित शिविरमार्फत हालसम्म १८ हजार ३ सय १७ जनाको आँखा जाँच गरिएको थियो, जसमा दुई हजार ५ सय ५३ जनामा मोतियाबिन्दु पहिचान गरिएको शिविर प्रमुख राजकुमार यादवले जानकारी दिए ।

उनका अनुसार पहिचान भएका बिरामीमध्ये एक हजार ९ सय ७७ जनाको शल्यक्रिया भइसकेको छ भने पाँच सयभन्दा बढी बिरामीलाई खोजी गरी शीघ्र उपचार गर्ने तयारी भइरहेको छ । त्यस्तै, ५० वर्षभन्दा माथिका नागरिकमा मोतियाबिन्दुको समस्या धेरै देखिएको उनले बताए ।

शिविर सञ्चालनका लागि लाग्ने प्रतिव्यक्ति पाँच हजार रूपैयाँ खर्चमध्ये आधा रकम लहान नगरपालिका र आधा अस्पतालले व्यहोर्दै आएका छन् ।

बिहीबार वडा नं २४ मा गरिएको शिविरमा ३ सय ३५ जनाको स्वास्थ्य परीक्षण हुँदा ९९ जनामा मोतियाबिन्दु फेला परेपछि तुरुन्तै अस्पताल ल्याई शल्यक्रिया गरिएको थियो ।

नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले नगरलाई 'मोतियाबिन्दु मुक्त' बनाउन अभियान चलाइरहेको बताए । 'दियोको मुनि अँध्यारो रहनु हुँदैन भन्ने भावनाले हामी नगरवासीको आँखाको स्वास्थ्यमा विशेष ध्यान दिइरहेका छौँ,' उनले भने ।




अस्पतालका अध्यक्ष रविन्द्रलाल चौधरीले दलित तथा विपन्न वर्गका नागरिकले शिविरबाट प्रत्यक्ष लाभ पाइरहेको उल्लेख गर्दै लहान नगरपालिकाको सहकार्यले सिरहा–सप्तरीका अन्य पालिकासमेतमा आँखा रोग निवारण अभियान सशक्त बन्दै गएको बताए ।

शिविरमार्फत जाँच र शल्यक्रिया पाएका दलित तथा विपन्न समुदायका नागरिकले निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराएर नयाँ जीवन दिएको जनाउँदै लहान नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पतालप्रति आभार व्यक्त गरेका छन् ।

स्थापनादेखि सन् २०२४ को अन्तिमसम्ममा नेपाल नेत्रज्योति सङ्घको २८ आँखा अस्पताल र २ सय २६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कुल चार करोड ६८ लाख ६८ हजार ६० जना आँखाका बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ ।

# जेन्जी आन्दोलनमा भएको दमनको जिम्मा ओली र लेखकले लिनुपर्ने

**काठमाडौँ ।**
नेपाली कम्युनिस्ट पार्टीका नेता डा. भीम रावलले जेन्जी आन्दोलनका क्रममा भएको सरकारी दमनको प्रत्यक्ष जिम्मेवारी तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकले लिनुपर्ने बताएका छन् ।

शनिबार रिपोर्टर्स क्लब नेपालमा आयोजित साक्षात्कार कार्यक्रममा बोल्दै रावलले सरकारको जिम्मेवार पदमा बसेका व्यक्तिहरूले कुनै पनि घटना वा संकटमा आफ्नो नैतिक र राजनीतिक जिम्मेवारी स्वीकार्नुपर्ने स्पष्ट पारे ।

'संसदीय शासन प्रणालीमा प्रधानमन्त्री र सम्बन्धित मन्त्रीले देशमा भएका घटनाको जिम्मा लिनुपर्छ,' रावलले भने । उनले भदौ २४ गते जेन्जी प्रदर्शनका क्रममा भएको विध्वंस र क्षतिका बारेमा गहिरो अध्ययन र निष्पक्ष छानबिन आवश्यक रहेको बताए ।

उनका अनुसार बाह्य शक्तिको हस्तक्षेपका कारण पनि आन्दोलन हिंसात्मक बन्न पुगेको आशङ्का छ ।

त्यस्तै, रावलले वर्तमान सरकारलाई केवल छ महिनाको लिएर बनेको 'चुनावी सरकार' भएको स्मरण गराउँदै, यसले छिमेकी राष्ट्रका साथ दीर्घकालीन असर पर्ने खालका सम्झौता गर्न नपाउने जिकिर गरे । 'अबको जिम्मेवारी स्वच्छ, स्वतन्त्र र भयमुक्त वातावरणमा चुनाव गराउनु हो,' उनले भने ।

नेता रावलले देशमा कैदीबन्दी र गलत तत्वहरू सक्रिय रहेको र समाजमा अराजकता बढ्दै गएको उल्लेख गर्दै वर्तमान जटिल परिस्थितिको सामना गर्नका लागि व्यापक बाम एकताको आवश्यकता रहेको बताए । उनले यसै कारण नेपाली कम्युनिस्ट पार्टीबीच एकता भएको दाबी गरे ।

# नेका र जसपा एकता वार्ता सकारात्मक दिशातर्फ

**काठमाडौँ ।**
नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी (जसपा)बीच एकता सम्भावनाबारे प्रारम्भिक वार्ता शनिबार भएको छ । पार्टी एकताको उद्देश्यसहित पेरिसडाँडामा बसेको बैठकमा दुई दलका शीर्ष नेताहरूबीच प्राविधिक, वैचारिक र सैद्धान्तिक विषयमा विस्तृत छलफल भएको छ ।

नेकपा नेता देव गुरुङका अनुसार वार्ता सकारात्मक ढंगले अघि बढिरहेको छ । 'जसपासँगको एकता वार्ता सकारात्मकतर्फ उन्मुख छ । आजको छलफल एकताको प्रारम्भिक चरण मात्र हो,' गुरुङले जानकारी दिए । उनका अनुसार छलफललाई निरन्तरता दिन र आगामी चरणमा निष्कर्षमा पुग्ने सहमति भएको छ ।

बैठकमा एकताको संरचना, साझा विचारधारा र संगठनात्मक संयोजनका विषयमा समेत चर्चा भएको बताइएको छ । हालसम्म कुनै ठोस निर्णय नभए पनि दुवै दलले विषयगत छलफललाई गम्भीरतापूर्वक अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । दुवै दलले आगामी दिनमा निरन्तर संवाद जारी राख्दै सम्भावित एकताको खाका तयार गर्ने विश्वास व्यक्त गरिरहेका छन् ।

# शारीरिक रूपमा अशक्त दानबहादुर आत्मनिर्भर बन्दै

**कञ्चनपुर ।**
कञ्चनपुरको दोधारा–चाँदनी नगरपालिका–८ का दानबहादुर सुनार शारीरिक रूपमा अशक्त छन् । दानबहादुर जन्मिने बेला अरु जस्तै सामान्य थिए । चार वर्षको उमेरमा उनि बिरामी भए । त्यसपछि विस्तारै शरीर सुक्दै गएपछि अहिले पूर्ण रूपमा अशक्त छन् । उनलाई शरीरले साथ नदिए पनि मन र सीप असाध्यै सबल छ । हिँडडुलसमेत गर्न नसक्ने अवस्थामा रहेका दानबहादुरले हार मानेन ।उपचारका लागि परिवारले सकेको प्रयास गरेका बताउँदै दानबहादुरले अस्पताल धाउँदाधाउँदै पनि कमजोर आर्थिक अवस्थाका कारण समयमा रोग निदान हुन नसकेको उल्लेख गरे । अहिले उनले सरकारबाट सामाजिक सुरक्षा भत्ता पनि पाएका छन् । उनले हिम्मतका साथ आफूमा भएको क्षमतालाई सदुपयोग गर्दै निरन्तर कर्ममा लागेपछि अहिले परिवारका लागि आर्थिक सहारा बनेका छन् ।

'घरमा ल्याएको रेडियो बिग्रियो त्यो रेडियोबाट उसले मर्मत गर्न सिकेको हो,' दानबहादुरकी आमा उषा सुनारले भने, 'त्यसै रेडियोबाट सिकेर अहिले मोबाइलको डिस्प्ले फेर्ने, रेडियो, टर्च र बुफरहरू मर्मतको काम गर्छ ।' दानबहादुरले पछिल्लो समय अरुलाई हाउस वायरिङ गर्ने काम सिकाउन थालेको उनको भनाइ छ ।

सरकारबाट पाउने सामाजिक सुरक्षा भत्ता दानबहादुरको जीविकोपार्जन प्रमुख स्रोत हो । 'भत्ता मात्रै जीवन चलाउन पर्याप्त नभएपछि उनलाई आफ्नो क्षमता देखाउने आत्मबल बढ्दै गयो । शरीरले गर्न नसक्ने काम धेरै थिए, तर हात–आँखाका बलमा गर्न सकिने साना सीपले उसलाई आर्थिक सहारा दिन सहयोग पुगेको हो,' आमाले भने ।

'अरुको सहयोगमा रेडियो, मोबाइल टर्चलगायत सामग्री मर्मत म आफैँ गर्छु, हाउस वायरिङका लागि अरु साथीभाइलाई सिकाउने गरेको छु,' दानबहादुरले भने, 'गाउँको व्यवसाय हो । कोही पैसा दिएर जान्छन् कोही त्यतिकै मर्मत गराउँछन् । तर, थोरै भए पनि आम्दानीको स्रोत बनेको छ ।' उनले परिवारको आर्थिक अभावका कारण आफ्नो सीपलाई व्यवसायिक बनाउन नसकेको बताए ।

'थोरै आम्दानी भए पनि परिवारलाई सहयोग पुगेको छ,' सुनारले भने 'अरुलाई पनि आत्मनिर्भर बन्नका लागि हाउस वायरिङ र मर्मत गर्न सिकाउने गरेको छु ।' पौरख गर्न पाखुरामा दम मात्रै होइन, हातखुट्टा सध्य चाहिन्छ उनले भने । पूर्ण रूपमा अशक्त दानबहादुर अहिले दोधाराका थुप्रै युवाको गुरुमात्रै होइन, प्रेरणाको स्रोत बनेका छन् ।रासस

# 'डिफेन्सिभ' मूडमा एमाले...

र पार्टी भित्रको विवादलाई 'सेफल्यान्ड'मा ल्याउन निरन्तर मिडियामा जवाफ दिदैँ मुख्यमन्त्री यादव हैरान छन् । तर समस्याको समाधान देखिने अवस्था छैन । उनी अनुकुलका मिडियाले मात्रै पनि उनको वजनअनुसारको कमजोरी थेग्न सकेको छैन ।

मुख्यमन्त्री यादव पत्रकार सम्मेलन गर्दै यी सबैको जिम्मेवारी मधेशवादी दलले लिनुपर्ने भनिरहेका छन् । उनले जसपा नेपाल र लोसपासँग कुनै मुद्दा नभएकाले यो विषयलाई अतिरञ्जित बनाएको आरोप यादवको छ । शनिबार बिहान आफ्नो भाडाको आवासबाट प्रदेशको नाममा सम्बोधन गर्दै मुख्यमन्त्री यादवले आन्दोलनकारीहरूबाट आफूलगायत सभामुख प्रदेशसभा सदस्यको सुरक्षा थ्रेट रहेको समेत बताए । उनले भने, 'नेपाल सरकारको नेपाली सेना, सशस्त्र प्रहरी, जनपद प्रहरीको सुरक्षामा बसेको छु । सभामुखज्यूको सुरक्षामा पनि सुरक्षा निकायको एउटा टुकडी छ । अन्य मन्त्रीहरूसँग पनि सुरक्षा छ तर पनि उनीहरू सुरक्षा थ्रेटमा छन् । सुरक्षा निकायको रिपोर्टिङअनुसार विशेष कार्यक्रममा हामी जान पाइरहेका छैनौँ ।' मुख्यमन्त्री यादवले जेन्जी आन्दोलनपछि गठन भएको सरकारमा अदृश्य शक्तिहरू हावी भएको भन्दै उनले मधेश प्रदेशमा पनि उनीहरु हावी भएको आरोप लगाए । उनले यो खेलमा भारतीय दूतावास खुलेरै नै लगाएको दाबी गरे । मुख्यमन्त्री यादवले भारतीय एम्बेसीको वीरगंजमा रहेको काउन्सिलर अफिसबाट अहिले दलहरूसँग प्रत्यक्ष संवादमा रहेको आरोपसमेत लगाए । मुख्यमन्त्री यादवले मधेशवादी दलसँग कुनै एजेन्डा नभएकाले चुनाव नजिक भएको कारण आन्दोलनमा उत्रेको आरोप लगाए । उनले मधेशवादी दलले मधेशी पहाडीको सेन्टिमेन्ट देखाएर मत पाउने होडमा लागेको आरोप लगाउँदै पछिल्लो चुनावमा जनताले मधेशको पार्टी एमाले, कांग्रेस रहेको देखाइसकेको बताए । यो सबैको बीचमा नेकपा एमाले मधेशवादीप्रति निर्मम देखिए पनि कांगे्रसप्रति 'सफ्ट' देखिएका छन् । यो उनको रणनीतिक चाल पनि हो ।


Effective from 01 Mangsir 2082 (17th November 2025)

INTEREST RATE

Deposit

| | A. Saving Deposit | Minimum Balance | % Per Annum | |
|---|---|---|---|---|
| 1 | Corporate Saving Account | 100.00 | 3.80% | |
| 2 | Corporate NariBachatKhata | 1,000.00 | 4.00% | |
| 3 | Corporate Senior Saving | 1,000.00 | 4.00% | |
| 4 | Corporate Student Saving | 100.00 | 4.00% | |
| 5 | Corporate BalBachat | 1,000.00 | 4.00% | |
| 6 | Corporate Higher Saving | 5,000.00 | 4.30% | |
| 7 | Corporate Fast Track | 10,000.00 | 4.60% | |
| 8 | Corporate Patron | 15,000.00 | 4.75% | |
| 9 | Super Corporate Saving | 25,000.00 | 5.00% | |
| 10 | Corporate Golden Saving | 50,000.00 | 5.25% | |
| 11 | Staff Saving Account | - | 5.25% | |
| 12 | Social Security Account | - | 3.80% | |
| 13 | Call Account | - | 1.90% | |
| | **B. Recurring Account** | | | |
| 1 | 3 Year Corporate Recurring | 1,000.00 | 5.50% | |
| 2 | 5 Year Corporate Recurring | 1,000.00 | 5.75% | |
| 3 | Above 5 Years Recurring | 100,000.00 | 6.00% | |
| 4 | Corporate Fixed Return | 100,000.00 | 6.00% | |
| 5 | Corporate Fifty Fixed | 100,000.00 | 5.50% | |
| | **C. Fixed Deposit** | | *Individual Minimum 3 Months* | *Corporate Minimum 6 Months* |
| 1 | 3 Months | - | 5.50% | 4.50% |
| 2 | 6 Months | - | 5.75% | 4.75% |
| 3 | 1 Year | - | 6.00% | 5.00% |
| 4 | Above 1 Year To 2 Years | - | 6.25% | 5.25% |
| 5 | Above 2 Years | - | 7.00% | 6.00% |
| 6 | Special Fixed Deposit for 10 Months | 1,000,000.00 | 6.50% | 5.50% |


Loan and Advances

| | D. Loan and Advances | Premium Over Base Rate (% p.a.) |
|---|---|---|
| 1 | Business Loan | 1.00% to 3.00% |
| 2 | Industrial Loan | 1.00% to 3.00% |
| 3 | Home Loan | 1.00% to 3.00% |
| 4 | Vehicle Loan/Auto Lone | 1.50% to 3.50% |
| 5 | Education Loan | 1.00% to 3.00% |
| 6 | Personal Overdraft | 1.50% to 3.50% |
| 7 | Term Loan | 1.50% to 3.50% |
| 8 | Agriculture Loan | Up to 2.00% |
| 9 | Prime Loan | 0.75% to 2.75% |
| | **E. Deprived Sector** | |
| 1 | Deprived Sector Loan (Institutional) | Up to 2.00% |
| 2 | Deprived Sector Loan (Personal) | Up to 3.00% |
| 3 | DLS Auto Loan/Low-Cost Housing/others | Up to 3.00% |
| | Other Loan | Up to 5.00% |
| | Loan Against Fixed Deposit | Coupon Rate + 2% or Base Rate (Whichever is higher) |
| | **F. Fixed Interest Rate on Term Loan upto 15 Years** | Base Rate+4.50% |
| | Average Base Rate (Shrawan, Bhadra&Ashwin 2082) | 9.25% |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट "ख"वर्गको ईजाजतपत्रप्राप्त संस्था

**Head Office:** GeetaMandir Road, BirgunjParsa.
**Tel. No:** 051-531031/527845
**Branches:** Buspark (Bypass)-Birgunj, Dryport (Sirsiya)-Birgunj, Tedha Road-Chorni (Parsa)- (Jeetpur), Barahathawa (Sarlahi), Bardibas (Mahottari)

# एकदिने निःशुल्क आँखा शिविर



**राकेश यादव**
**गौर ।**
रौतहटको सदरमुकाम गौरमा शनिबार एकदिने निःशुल्क मोतियाबिन्द शल्यक्रियासम्बन्धी आँखा शिविर भएको छ ।
रुइत फाउन्डेशनको आर्थिक सहयोग र गौर नगरपालिका तथा गौर आँखा अस्पताल पूरेनवा रौतहटको संयुक्त आयोजनामा गौर नगरपालिका कार्यालयको सभाहलमा सञ्चालन भएको निःशुल्क आखा शिविरको गौर नगरपालिकाका नगर प्रमुख शम्भु साह कानूले उद्घाटन गरेका थिए ।
वृद्ध महिला पुरुष तथा बालबालिकाको आखामा देखिने मोतियाबिन्दको निःशुल्क शल्यक्रिया गराउने उद्देश्यले आयोजना गरिएको शिविरमा ४ सय ५७ जनाले आँखा परीक्षण गराएका थिए । नेत्र अधिकृत शिवकुमार यादवको नेतृत्वमा नेत्र चिकित्सकको टोलीले शिविरमा सहभागी भएकाको आँखा परीक्षण गरेको गौर आँखा अस्पतालका सत्येन्द्र पाण्डेयले जानकारी दिए ।
चिकित्सकले पुरुष २ सय ४०, महिला २ सय १७ र ११ अपांगता भएका बालबालिकाको परीक्षण गर्दा १ सय १६ जना शल्यक्रियाका लागि छनौट भएका छन् । उनीहरुलाई गौर आँखा अस्पतालमा निःशुल्क शल्यक्रिया गरिने अस्पतालका प्रशासक नागेश्वर चौधरीले बताए । शिविरमा १ सय ९५ जनालाई आखामा लगाउन चश्मा तथा २ सय १३ जनालाई आखामा प्रयोग गर्न औषधिसमेत वितरण गरिएको गौर नगरपालिकाले जनाएको छ ।

# तीन स्रष्टा पुरस्कृत हुँदै

**मधेशदृष्टि**
**सर्लाही ।**
लालबन्दी नगर वाङ्मय परिषद् लालबन्दी, सर्लाहीले 'लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार–२०८२' रमेश क्षितिजको 'एउटा मायी नगरमा' आख्यानलाई प्रदान गर्ने निर्णय गरेको छ । स्वतन्त्र विज्ञहरूसहितको पुरस्कार छनोट समितिले छनोट गरेका उत्कृष्ट दश कृतिहरूमध्येबाट क्षितिजकृत 'एउटा मायी नगरमा' आख्यान छनोट भएको हो ।
यस्तै 'लालबन्दी नगर वाङ्मय परिषद् स्थानीय प्रतिभा पुरस्कार–२०८२' लामो समयदेखि पत्रकारिता र साहित्य सिर्जना गर्दै आएका कृष्ण समर्पणले पाउने भएका छन् ।
लालबन्दी नगर वाङ्मय स्थानीय प्रतिभा पुरस्कारको राशि २५ हजार र लालबन्दी नगर वाङ्मय परिषद् भाषा तथा साहित्य पुरस्कार २०८२ (राष्ट्रिय) को पुरस्कार राशि ५० हजार रुपैयाँ छ ।
यसैगरी, लालबन्दी नगर वाङ्मय परिषद्ले साहित्यिक शहीद कृष्णलाल अधिकारी स्मृति पुरस्कार–२०८२ साहित्यकार दिनेश अधिकारीलाई प्रदान गर्ने निर्णय गरेको छ । साहित्यका माध्यमबाट क्रुर जहानियाँ राणा शासनको अन्त्यका लागि होमिँदा होमिँदै सहिद बन्न पुगेका 'मकैखेती' पुस्तकका लेखक कृष्णलाल अधिकारीको स्मृतिमा पुरस्कार कोषको स्थापना गरिएको र सोही कोषको ब्याजको रकमबाट उक्त पुरस्कार वर्ष २०८१ बाट प्रदान गर्न प्रारम्भ गरिएको परिषद्ले जनाएको छ ।
नेपाली भाषा तथा साहित्यका क्षेत्रमा दीर्घसेवा गरेका साहित्यकार अधिकारीलाई वर्ष २०८२ को पुरस्कार प्रदान गर्ने निर्णय गरेको परिषद्का अध्यक्ष अच्युत अधिकारीले बताए । पुरस्कारको राशि ५० हजार रुपैयाँ र सम्मान पत्र छ ।

# थाइरो केयरद्वारा एकदिने निःशुल्क स्वास्थ्य शिविर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
थाइरो केयर जनकपुरधामले बलवा नगरपालिका–११, धमौरा, रोजा बजार स्वास्थ्य चौकी परिसरमा एकदिने निःशुल्क स्वास्थ्य शिविर गरेको छ ।
शिविरमा १ सय ५० भन्दा बढी बिरामीको निःशुल्क स्वास्थ्य जाँच गरिएको आयोजक संस्थाले जानकारी दिएको छ ।
शिविरमा डा. ब्रिजमोहन रजक तथा डा. अस्मिता रजकले सर्वसाधारणको स्वास्थ्य परीक्षण गर्दै आवश्यक परामर्श दिएका थिए । कार्यक्रमको अन्त्यमा बलवा नगरपालिकाका नगरप्रमुख राम विजय महतो र वडा नं. ११ का वडा अध्यक्ष अशोक कुमार यादवले स्वास्थ्य शिविर सञ्चालनमा योगदान पुर्याउने चिकित्सक टोली तथा आयोजकलाई सम्मान गरेका थिए ।
निःशुल्क स्वास्थ्य शिविरका आयोजक तथा थाइरो केयरका सञ्चालक सुनिल कुमार मन्डलले आगामी दिनमा पनि विकट तथा पहुँचविहीन बस्तीमा प्रत्येक शनिबार यस्तै स्वास्थ्य शिविर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।
निःशुल्क स्वास्थ्य शिविरले स्थानीयलाई आधारभूत स्वास्थ्य सेवा पहुँचमा पुर्याउँदै स्वास्थ्य सचेतना अभिवृद्धि गर्न ठूलो योगदान पुर्याएको बलवा नगरवासीले बताए ।

# नेशनल मेडिकल कलेजद्वारा निःशुल्क मधुमेह परीक्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व मधुमेह दिवस–२०२५ को अवसरमा नेशनल मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलको पहल तथा रोटार्याक्ट क्लब अफ युनाइटेड वीरगंजको सहकार्यमा निःशुल्क मधुमेह परीक्षण तथा स्वास्थ्य परामर्श कार्यक्रम भएको छ ।
वीरगंजको घडिअर्वा पोखरीमा आयोजित कार्यक्रममा स्थानीय बासिन्दालाई ब्लड सुगर परीक्षण, बिएमआइ चेकअप, रक्तचापमापन तथा मधुमेहसम्बन्धी स्वास्थ्य परामर्श प्रदान गरिएको थियो ।
बिहान ६ बजेदेखि ८ बजेसम्म सञ्चालन भएको शिविरमा १ सय ४१ जनाले स्वास्थ्य परीक्षण गराएका थिए, १ सय २४ जना पुरुष तथा १७ जना महिला सहभागी थिए ।
स्थानीय बासिन्दाको उत्साहपूर्ण उपस्थितिले समुदायमा मधुमेहप्रति रहेको चासो र जनजागरणको आवश्यकता स्पष्ट रुपमा देखिएको थियो ।
कार्यक्रममा सम्बोधन गर्ने वक्ताहरूले मधुमेह विश्वभर तीव्र रूपमा बढ्दै गएको जनस्वास्थ्य चुनौती भएको भन्दै, यसको रोकथाम, पहिचान र नियमित निगरानीका लागि निरन्तर जनचेतना आवश्यक रहेको उल्लेख गरे । साथै, समुदायमुखी स्वास्थ्य सेवामा नेशनल मेडिकल कलेजले पु¥याउँदै आएको निरन्तर योगदानको प्रशंसा पनि गरेका थिए ।
नेशनल मेडिकल कलेजका डा. अनिल साह, प्रदीप चौधरी, जितेश चन्द्र दास, ब्रज किशोर चौधरी, बिश्वनाथ कन्थ, डा. प्रशान्त भण्डारी उपस्थित थिए ।
त्यस्तै, रोट¥याक्ट क्लब अफ युनाइटेड वीरगंजका अध्यक्ष रोजनी भट्टराई, सचिव सुजल ठाकुर, कार्यक्रम संयोजक सन्दीप राज ओझा सहभागी थिए ।

# अनिताको कविता संग्रह विमोचन

**मधेशदृष्टि**
**वीरगंज ।**
भोजपुरी साहित्यकार अनिता साहको कविता संग्रह 'गुजर रहल बा जिन्दगी' को लोकार्पण गरिएको छ । वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले पुस्तकको लोकार्पण गरे । समारोहमा भोजपुरी प्रतिष्ठान वीरगंजकी अध्यक्ष तथा पुस्तककी लेखिका अनिता साह, प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, वरिष्ठ साहित्यकार डा. हरेन्द्र हेम्कर, प्रतिष्ठानका सल्लाहकार प्रमोद पाण्डे, साहित्यकार दिनेश गुप्ता, रामचन्द्र साह, नेपाल भोजपुरी समाजका अध्यक्ष ध्रुवसिंह ठकुरी, प्रतिष्ठान बारा अध्यक्ष रामप्राद साह, साहित्यिक चौतारी नेपालकी अध्यक्ष गीता भण्डारीलगायतको उपस्थिति थियो । पुस्तकको समीक्षा प्रमोद पाण्डेले गरेका थिए ।

# खोप अभियानमा ९० प्रतिशत सफलता

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा हैजा रोगको महामारीविरुद्धको प्रतिकार्य खोप अभियानले ९० प्रतिशत सफलता पाएको छ । अभियान अन्तर्गत कूल ९० प्रतिशत लक्षित जनसंख्याले खोप लिएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले बताए । कात्तिक १३ देखि पुनः सञ्चालन गरिएको अभियान बिहीबार सम्पन्न भएको थियो । जिल्लाका १४ वटै स्थानीय तहमा एकैसाथ यो अभियान सञ्चालन गरिएकोमा सबैभन्दा बढी जगरनाथपुर गाउँपालिकामा ९४ प्रतिशत र सबैभन्दा कम जिरा भवानी गाउँपालिकामा ७८ प्रतिशत कभरेज भएको थियो ।

# कक्षा ११ का विद्यार्थीलाई स्वागत



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज पब्लिक कलेजले कक्षा ११ मा भर्ना भएका नयाँ विद्यार्थीको सम्मानमा स्वागत कार्यक्रम गरेको छ । एसइइ परीक्षा उत्तीर्ण गरी शैक्षिक सत्र २०८२ मा उच्च माध्यमिक तहमा प्रवेश पाएका विद्यार्थीलाई उत्साह, प्रेरणा र नयाँ ऊर्जासँगै स्वागत गरिएको हो ।
वीरगंजस्थित भिस्वा होटलमा गरिएको कार्यक्रमका प्रमुख अतिथि वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले उद्घाटन गर्दै विद्यार्थीलाई उज्ज्वल भविष्यको शुभकामना दिँदै शिक्षा जीवनको सबैभन्दा ठूलो उत्तरदायित्व र अवसर रहेको बताए ।
उनले कक्षा ११ बाट शुरु हुने यात्रा लक्ष्यप्रति समर्पित भएर अघि बढेमा सफलता टाढा नरहने भन्दै वीरगंज पब्लिक कलेजले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएकोमा विश्वस्त रहेको बताए । अध्यक्ष गौतमले विद्यार्थीलाई अनुशासन, परिश्रम र सकारात्मक सोच राख्न आग्रह समेत गरे ।
कलेजका कार्यकारी निर्देशक युगलकिशोर प्रसाद साहले नयाँ सत्रबाट कलेजले आधुनिक शिक्षण प्रणाली, व्यावहारिक गतिविधि र विद्यार्थी–मैत्री वातावरणलाई अझ प्रभावकारी बनाइने
बताए । उनले विद्यार्थीलाई सीप, सोच र सामाजिक उत्तरदायित्व सहित सक्षम नागरिक बनाउन कलेज निरन्तर अग्रसर रहने प्रतिबद्धता व्यक्त गरे ।

# शीतलहर शुरु हुनुपहिले नै व्यवस्थापनको पूर्वतयारी

**महोत्तरी ।**
बर्सेनि जाडो यामको शीतलहरले हुँदै आएको जनधनको क्षति रोक्न महोत्तरीमा तयारी थालिएको छ । सामान्यतया पुस लागेपछि शुरु हुने शीतलहर कुनैकुनै वर्ष मङ्सिर मध्यलगत्तै ह्वात्तै बढेको विगत अनुभवले महोत्तरीमा यसपालि जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले शीतलहर शुरु हुन पहिले नै पूर्व तयारी बढाएको हो ।
'मधेशमा शीतलहर वर्षौंपिच्छे भोग्दै आइएको समस्या हो, क्षति हुन थालेपछि यसको व्यवस्थापन बढी खर्चिलो र समाल्न धौधौ पर्ने हुन्छ,' समितिका अध्यक्ष तथा जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव भन्छन्, 'त्यसैले हामीले अहिलेदेखि नै पूर्वसचेतता र तयारीका काम थालेका छौँ ।' समितिले जिल्लाका सबै नगरपालिकाका प्रमुख, गाउँपालिकाका अध्यक्ष, सामाजिक सङ्घसंस्था र जिल्लास्थित सरकारी कार्यालयका प्रमुखसहितको बृहत् बैठक सम्पन्न गरेर अहिलेदेखि नै क्षति हुन नदिनेगरी पूर्वतयारी थालेको उनको भनाइ छ । जिल्लामा यो समिति प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने व्यवस्था छ ।
समितिले यसअघि शीतलहर प्रभावितहरूको उद्धार तथा राहतमा संस्थागत योगदान दिँदै आएका संस्थाहरू, विभिन्न व्यक्तित्व र निकायसँग तत्काल समन्वय गरी शीतलहर व्यवस्थापन योजना तयार गर्ने निर्णय गरेको यादवले जानकारी दिए । यसरी प्राप्त हुने योजना समितिबाट स्वीकृत गरी कार्यान्वयनमा लगिने उनको भनाइ छ ।
जिल्लाका सबै गैरसरकारी संस्थाहरूलाई यस काममा अभिप्रेरित गर्दै स्थानीयतहसँगको सहकार्यमा शीतलहर प्रतिकार्य योजना निर्माण र कार्यान्वयनमा जोडिने समितिले जनाएको छ । समितिको यो बैठक बिहीबार नै सम्पन्न भएको हो । 'समितिको निर्णय सबै स्थानीयतह र सामाजिक सङ्घसंस्थाका प्रतिनिधिको उपस्थितिमा भएको छ,' यादवले भने, 'हामी बैठकका निर्णय र गरिन पर्ने पूर्वतयारीका कामबारे सम्बद्धपक्षसँग समन्वय गरेर अघि बढ्ने छौँ ।' मधेशमा शीतलहरका बेला बर्सेनि मानवीय क्षति, स्वास्थ्य समस्या र कृषिबालीमा समेत ठूलो परिमाणमा नोक्सानी हुँदै आएको छ ।
यसपालि शीतलहरका बेला आवश्यक पर्ने दाउराको प्रबन्ध अहिलेदेखि नै गर्न सम्बद्ध पक्षलाई सचेत गराइएको प्रमुख जिल्ला अधिकारी यादव बताउँछन् ।
समितिले शीतलहरबाट जोगिन गरिने पूर्वतयारीसँगै गत असोज तेस्रो साताको बाढी तथा डुबानबाट क्षति भएका सार्वजनिक संरचनाको पुनर्निर्माणको काम जिम्मेवार निकायले तत्काल प्राथमिकतासाथ सम्पन्न गर्न पर्ने निर्णयसमेत गरेको प्रजिअ यादवले बताए ।

# ८१ जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर २४, रामगढवामा एकता युवा क्लबद्वारा आयोजित खुल्ला रक्तदान कार्यक्रम भएको छ । सामाजिक उत्तरदायित्व र मानव सेवाको भावना बोकेर आयोजित कार्यक्रममा ८१ जनाले रक्तदान गरेका छन् । क्लबका प्रतिनिधि त्रिलोकी पटेलका अनुसार रक्तदातामध्ये ७५ जना पुरुष र ६ महिला छन् । रक्तदान गर्नेमा नितेश पटेल, जितेन्द्र पटेल, धिरज पटेल, प्रेमचन्द्र पटेल, प्रविण देवी, खुश्बु कुमारी, लक्ष्मी कुमारी, रमिता देवीसहित स्थानीय युवाहरू सक्रिय रुपमा सहभागी भएका थिए । पूर्वकानूनमन्त्री अजय कुमार चौरसियाले रक्तदान उद्घाटन गरेका थिए ।

**कलैयामा पनि रक्तदान**
बाराको श्रमजीवी बहुउद्देश्यीय सहकारी संस्था, कलैया–१८ द्वारा शनिबार मोतिसर चोकमा भएको रक्तदानमा एक महिलासहित ७२ जनाले स्वेच्छिक रक्तदान गरेका छन् ।

# सफाइ तथा हरियाली संरक्षण अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको मितेरी पुल क्षेत्रलाई स्वच्छ, हरित र सुन्दर बनाउने उद्देश्यले सञ्चालन भइरहेको संयुक्त सफाइ तथा हरियाली संरक्षण अभियान शनिबार १५औँ दिन पनि निरन्तर जारी रहेको छ । वीरगंज महानगरपालिका, सशस्त्र प्रहरी बल नेपाल–१३ गण र ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रको संयुक्त पहलमा भइरहेको अभियानअन्तर्गत सडक छेउका झाडी काट्ने, वृक्षारोपण, पुरानो हरियाली संरक्षण र सरसफाइका कार्य गरिँदै आएका छन् । महानगरका प्रमुख राजेशमान सिंहले सीमा क्षेत्रलाई स्वच्छ, हरित र सुरक्षित बनाउने कार्यमा सबै क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको धारणा व्यक्त गरे ।

# शनिबार पनि परिचय पत्र वितरण सेवा

**रौतहट ।**
जिल्लावासीको सहजताका लागि जिल्ला प्रशासन कार्यालय, रौतहटले शनिबार पनि राष्ट्रिय परिचयपत्र विवरण दर्ता सेवा सञ्चालन गरेको छ ।
जिल्ला प्रशासन कार्यालयले शुक्रबार जारी गरेको सूचनामा निर्वाचन आयोगले राष्ट्रिय परिचय नम्बरको आधारमा मतदाता नामावली अद्यावधिक गर्न सकिने व्यवस्था कार्यान्वयनमा आएको हुँदा सेवा सहज बनाउन शनिबारसमेत सेवा खुला राखिने उल्लेख गरिएको छ ।
सहायक प्रमुख जिल्ला अधिकारी किरण निधि तिवारीद्वारा हस्ताक्षरित सूचना मार्फत कार्यालयले सर्वसाधारणलाई शनिबार नियमित कार्यालय समयभित्र आई आवश्यक विवरण दर्ता गराउन अनुरोध गरेको छ ।
जिल्ला प्रशासनका अनुसार सेवा विस्तारले विशेषगरी व्यस्त समयका कारण कार्यदिवसमा उपस्थित हुन नसक्ने नागरिकलाई राहत मिल्ने अपेक्षा गरिएको छ ।

# धानको मूल्य नपाउँदा किसान निरास

**मधेशदृष्टि**
**रौतहट ।**
धानको उचित मूल्य नपाउँदा रौतहटका किसान निरास बनेका छन् ।
झण्डै ६ महिना मेहनत गरेर उत्पादन गरिएको मुख्य आम्दानीको स्रोत बर्खे धानको न्यूनतम समर्थन मूल्य सरकारले तोके पनि व्यवहारमा त्यही मूल्य पाउन नसकिएको किसानहरूको गुनासो छ ।
चन्द्रपुर, वृन्दावन, मौलापुर, फतुवा विजयपुर, कटहरिया, गौर लगायतका क्षेत्रका किसानहरूले व्यापारीहरूले सरकारले तोकेको मूल्यमा धान किन्न नमान्ने गुनासो गरेका छन् । मौलापुर–७ का किसान रामजनक रायले व्यापारीले आफूखुसी मूल्य तोकेर धान खरिदमा एकाधिकार जमाइने गरेको बताए । फतुवा विजयपुर–५ का किसान मिथिलेश साहले पनि सोही गुनासो दोहोऱ्याउँदै व्यापारीले बढीमा ३ हजार ४ सय रुपैयाँभन्दा माथिको दर नदिने गरेको बताए ।

## सम्पादकीय

# मुख्यमन्त्रीको वाणीमा पूर्वमुख्यमन्त्रीहरुको कटाक्ष

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले दिएको अभिव्यक्तिप्रति प्रथम मुख्यमन्त्री तथा पूर्व मुख्यमन्त्रीहरुले आपत्ति जनाएका छन् । जसपा नेपालका महासचिव एवम् प्रथम मुख्यमन्त्री लालबाबु राउत र लोसपाका नेता एवम् निवर्तमान मुख्यमन्त्री जितेन्द्र सोनलले आपत्ति जनाएका हुन् । मुख्यमन्त्रीले पत्रकार सम्मेलन गरी केही अदृश्य शक्तिहरूले सरकार बनाउन चलखेल गरेको जस्ता आरोप लगाएपछि उनीहरुले त्यसको प्रतिवाद गरेका हुन् । सोनलले मुख्यमन्त्रीको पछिल्लो अभिव्यक्तिले नेपाल भारत सम्बन्धमा खलल पु¥याउने बताए । नेपाल भारतबीचको सम्बन्ध निकै पुरानो र सांस्कृतिक सम्बन्धसमेत भएकोले यस किसिमको अभिव्यक्ति नदिन मुख्यमन्त्रीलाई आग्रह गरे यस किसिमको अभिव्यक्तिबाट दुई देशबीचको सम्बन्धमा समस्या आउने बताए।

सोनलले कुनै पनि राजनीतिक दलको विचारधाराले निर्धारण नगर्ने गरेको बताउँदै यसलाई कुनै विचारधाराले समेत खलल पुर्याउन नसक्ने बताए । सम्बन्ध बिगार्ने खेल भएकाले यसलाई कुनै पनि हालतमा स्वीकार गर्न नसकिने उनको तर्क छ । सोनलले नेपाल र भारतबीच सांस्कृतिक सम्बन्धलाई अहिले बलियो बनाउनुपर्ने आवश्यकता औँल्याए । सरकार बनाउने काज प्रदेशसभाको र प्रदेशसभा सांसदको रहेको बताउँदै यसमा कुनै अन्य देश वा व्यक्तिको संलग्नता नरहेको समेत प्रष्ट पारे । मधेश प्रदेशकै पूर्व मुख्यमन्त्री सरोजकुमार यादवले समेत मुख्यमन्त्रीको अभिव्यक्तिले नेपाल भारतबीच समबन्ध बिगार्ने कार्य गर्न सक्ने बताए । उनले समेत खुला सीमा रहेको र नेपाल भारतबीचको सम्बन्ध निकै पुरानो रहेको बताउँदै यसलाई राजनीतिकरुपमा पूर्वाग्रहीरुपमा प्रस्तुत गरेर आफ्नो राजनीतिक आकांक्षा परिपूरण नगर्न आग्रह गरे

यस्तै, मधेश प्रदेश प्रथम मुख्यमन्त्री लालबाबु राउतले पनि नेकपा एमालेका केन्द्रदेखि प्रदेशसम्मका नेताहरुको लोकप्रियता कमाउने होडमा छिमेकीलाई दोष लगाउने कार्य राजनीतिक दुर्भाग्य भएको प्रतिक्रिया दिएका छन् । नेपालको आन्तरिक राजनीतिक, सर्वोच्चको व्याख्या र नजीर अनि संविधानको धारा अनुसार चल्ने विषयमा छिमेकीसँगको सम्बन्ध बिगार्ने गरी भएको टिप्पणीले राम्रो नगर्ने राउतको तर्क छ । तीन–तीन पूर्वमुख्यमन्त्रीले एकसाथ मुख्यमन्त्रीको वाणीमा राजनीतिक प्रहार गरेका छन्।

## अनलाइन बेटिङको जालो:

# नेपाली फसाउँदै रकम भारततिर



निराजन त्रिपाठी

'म २४ वर्षको भएँ । ग्याम्लिङमा एडिक्टेड छु । कमाएको सब्बै हारेँ, घरको पैसा नि डुबाएँ, चिल लाइफ ऋणको थुप्रोमा गयो।'

सामाजिक सञ्जाल रेडिटमा केही महिनाअघिको पोस्ट हो यो । त्यही समयको सेरोफेरोमा रेडिटमै अर्को पनि पोस्ट थियो, 'मेरो १८ वर्षे साथीले कलेज फि तिर्नुपर्ने ७ लाख रूपैयाँ अनलाइन बेटिङमा गुमायो । उसको परिवारलाई यो कुरा थाहा छैन। अहिले ऊ डराएको छ।'

बेटिङमा प्रायः युवाको संलग्नता छ। काठमाडौँमा कक्षा १२ पढ्दै गरेकी सोनिया पौडेल भन्छिन्, 'मैले चिनेको एकजनाले अनलाइन बेटिङमा ३० लाख जति कमाएको बताए, बुलेट बाइक किने। उनको जीवनशैली रातारात बदलियो । पछि उनलाई पुलिसले समात्यो।'

काठमाडौँमै होटल मेनेजमेन्ट पढ्दै गरेका निशान सापकोटाले बेटिङलाई एडिक्सनको रूपमा बुझेका छन्। उनी भन्छन्, 'शुरू–शुरूमा (बेटिङ) एपले पनि जिताए जस्तो गर्छ । तर जब धेरै रकमहरू बेटिङ गर्न थाल्छन्, अनि पैसा गुमाउँछन् । मेरो दाइको साथीले डेढ लाख रूपैयाँ गुमायो वान एक्स बेटमा।'

अनलाइन बेटिङसम्बन्धी कुराकानी गर्ने रेडिटमा गरेको पोस्टबाट हाम्रो सम्पर्कमा आए स्नातक उत्तीर्ण गरेर विदेश जाने तयारी गरिरहेका एक युवा । काठमाडौँमा होस्टेलमा बस्दै गरेका उनी घरबाट पठाएको खर्च २–४ हजार छुट्याएर वान एक्स बेटमार्फत बेटिङ गर्थे । उनले सामाजिक सञ्जालमा विज्ञापन देखेर सन् २०१९ तिरबाट बेटिङ थालेका थिए।

त्यस बेला राति कुनै समय मात्र वेबसाइटमा एजेन्टको नाम र नम्बर देखिने र कुरेरै पैसा 'डिपोजिट' गर्ने गरेको उनी सम्झिन्छन्। 'अहिले बेटिङ गर्न सजिलो छ, पैसा लोड र डिपोजिट गर्न धेरै माध्यम छन् । थुप्रै एजेन्ट पनि छन्,' उनी भन्छन्, 'मैले त दुई वर्ष भयो बेटिङ गर्न छोडेको। हाउस अलवेज विन्स, आज अलिकता फाइदा भएजस्तो होला, तर जित्ने बेटिङ कम्पनीले नै हो।'

नेपालमा अनलाइन बेटिङ गैरकानूनी भए पनि संलग्नहरू गिरफ्तार भएको समाचार आइरहन्छ। पछिल्लो एक वर्षमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट गिरफ्तारीमा परेका ३५ जना १९ देखि ४८ वर्षसम्मका छन्। पढेलेखेका युवा, जो डिजिटल ग्याजेट चलाउन दक्ष छन्, उनीहरू नै बेटिङमा संलग्न भएको र पछि पछुताएको पाइएको प्रहरीको भनाइ छ।

**कस्ता प्लेटफर्ममा हुन्छ बेटिङ?**

अनलाइन बेटिङसम्बन्धी अनुसन्धान गर्दै आएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका एक प्रहरी अधिकारीका अनुसार, सन् २०१८ तिरबाट वानएक्स बेटले नेपालमा पहुँच बनाएको थियो । हाल नेपालबाट १५० भन्दा धेरै बेटिङ साइट चलाउन सकिन्छ, जसमध्ये वानएक्स बेटको जालो ठूलो छ।

बेटिङ साइटहरूले विभिन्न फेसबुक पेजमार्फत नेपाली भाषामै विज्ञापन गर्छन्। 'केवल ३ हजार रूपैयाँलाई ५ मिनेटमै ६ लाखमा परिवर्तन गर्ने' भन्दै चिकेन रोड नामक बेटिङ प्लेटफर्मले फेसबुकमा 'स्पोन्सर्ड' विज्ञापन नै गरेको छ।

यस्ता प्लेटफर्मले केही दिनमै पैसा डबल हुनेदेखि, सेलेब्रिटीले बेटिङ गर्न प्रोत्साहित गरेको फेक श्रव्यदृश्य सामग्री प्रयोग गर्छन् । राजेश हमाल, विनोद चौधरीजस्ता व्यक्तिले अनलाइन बेटिङ गर्न प्रोत्साहित गरेको भिडियो फेसबुक पेजमार्फत स्पोन्सर्ड पोस्ट गरेको देखिन्छ।

२०८१ माघ १३ गते प्रहरीले अनलाइन बेटिङमा संलग्न ४८ वर्षीय राजप्रकाश श्रेष्ठ र २३ वर्षीय हरिचन्द्र भुजेललाई पक्राउ गरेको थियो । उनीहरूले भारतीयसँगको साझेदारीमा 'मान्त्रा १०८ एनपी डटकम' नामक बेटिङ प्लेटफर्म सञ्चालन गर्थे। यस्तै, वान एक्स बेट एजेन्ट हुँदै पछि भारतीयसँग मिलेर आफ्नै बेटिङ प्लेटफर्म 'जुवा ३६५' संचालन गरेका २४ वर्षीय अनिल ढुंगानालाई प्रहरीले २०८१ वैशाखमा पक्राउ गरेको थियो।

काठमाडौँ अपराध अनुसन्धान कार्यालयका प्रवक्तासमेत रहेका एसपी काजीकुमार आचार्यका अनुसार, फेसबुकलगायत सामाजिक सञ्जालमार्फत व्यापक प्रचार गरिने यस्ता धेरै बेटिङ प्लेटफर्ममा भारतीयहरूको लगानी छ। तर ती प्लेटफर्म नेपालीले सञ्चालन गर्छन् र आम्दानी बाँड्छन्।

नेपालीले नै भारतीयलाई प्लेटफर्म बनाउन लगाएर चलाउने गरेको पनि पाइएको प्रहरी अधिकारी बताउँछन् । बेटिङको कारोबारका लागि भने भारतीय बैंक खाता प्रयोग गर्छन्। ती खातामा नेपाली एजेन्टले पैसा पठाउँछन्।

सामाजिक सञ्जालबाट कसरी एजेन्ट बनाइन्छ भन्ने बुझ्न हामी २४ हजार ५०० सदस्य भएको 'वान एक्स बेट नेपाल' फेसबुक समूहमा जोडिएका थियौँ। सोही समूहमा 'एजेन्ट बन्न चाहनेले सम्पर्क गर्नुहोस्' भन्ने पोस्ट गर्ने व्यक्तिहरू थिए। 'राई विशेष' प्रोफाइलले एजेन्ट बन्न शुरूमा २० हजार रूपैयाँ डिपोजिट माग गर्दै मेसेन्जरमा ई–सेवाको क्युआर कोड पठाए।

ती व्यक्तिले आफूले एजेन्ट बनेरै महिनाको लाखौँ कमाउने गरेको भन्दै वानएक्स बेटबाट पैसा झिकेको स्क्रिनसट पनि पठाए। उनले इमेल, फोन नम्बरलगायत केही व्यक्तिगत विवरण मागेर २–३ घण्टामै वानएक्स बेटको पार्टनर एकाउन्टको 'युजरनेम' र 'पासवर्ड' दिए।

अनलाइन बेटिङमा सुपर र साधारण गरी दुई प्रकारका एजेन्ट छन्। नेपालबाट कसैलाई बेटिङ प्लेटफर्ममा पैसा लोड गर्न अथवा प्लेटफर्मबाट पैसा झिक्न सहयोग गर्ने साधारण एजेन्ट हुन् । उकालोको सम्पर्कमा आएका एक साधारण एजेन्टका अनुसार, उनीहरू ह्वाट्सएप, टेलिग्रामजस्ता सामाजिक सञ्जालबाट बेटिङ गर्नेसँग सम्पर्क गर्छन्।

बेटिङ गर्ने व्यक्तिसँग कनेक्ट आईपीएस, ईसेवालगायत डिजिटल वालेटमा भुक्तानी लिएर उनीहरूको बेटिङ एकाउन्टमा पैसा लोड गर्ने र झिक्ने गर्छन् । बेटिङ गर्नेले हरेक पटक पैसा डिपोजिट गर्दा र झिक्दा साधारण एजेन्टले कमिसन पाउँछन्।

बेटिङ प्लेटफर्ममा एजेन्ट बन्न क्रिप्टोकरेन्सी, विशेषगरी यूएसडीटी (१ डलर बराबर १ यूएसडीटी हुनेगरी स्थिर मूल्य राखिएको)मा प्रिडिपोजिट गर्नुपर्छ। नेपालबाट डलर र क्रिप्टोमा कारोबार गर्न असहज हुने हुँदा साधारण एजेन्टहरू सुपर एजेन्टमा भर पर्छन्। अधिकांश सुपर एजेन्ट नेपालबाहिर बसेर यस्तो कारोबार गरिरहेका हुन्छन्।

एसपी आचार्य पनि जुवाजन्य साइटहरू नेपालबाहिरबाट खेलाएको देखिने बताउँछन् । वान एक्स बेटले त आफ्नो वेबसाइटमा नै यस्ता एजेन्टको फोन नम्बर र डिजिटल वालेट विवरण देखाइरहेको हुन्छ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका एक अधिकारीका अनुसार कतिपय एजेन्टले वेबसाइटमा आफ्नो नम्बर धेरै समय देखाउन पनि पैसा खर्च गर्छन्। उनी भन्छन्, 'धेरै रकम हारेका व्यक्तिलाई एजेन्ट बने हारेको भन्दा बढी कमिसन पाउने प्रलोभनमा पारिन्छ । यस्ता व्यक्ति रकम उकास्ने चक्करमा एजेन्ट बन्छन्।'

कार्यालयले २०८१ फागुन ५ गते अनलाइन बेटिङमा संलग्न भएको आरोपमा २४ भारतीयलाई, काठमाडौँको बूढानीलकण्ठबाट पक्राउ गरेको थियो। सिंगो घर नै भाडामा लिएर बसेका उनीहरूले १ अर्ब ६४ करोड ३९ लाख ५७ हजार बराबरको अनलाइन जुवा कारोबार गरेको प्रहरीको भनाइ छ । यो घटनाको करिब एक महिनापछि माघ १९ गते अनलाइन बेटिङमा संलग्न १० भारतीय र १४ नेपालीलाई प्रहरीले सानेपाबाट पक्राउ गरेको थियो । दुईवटा घर भाडामा लिएर बेटिङ चलाइरहेको समूहले ३ अर्ब ४ करोडमाथिको कारोबार गरेको थियो।

एसपी आचार्यका अनुसार, यस्ता समूहले एकान्तमा भीआईपी जस्तो देखिने ठूलो क्षेत्र भएको घर भाडामा लिने गरेका छन्। कतिपयले होटलका कोठा भाडामा लिएर तथा कतिपय नेपाली भिजिट भिसामा यूएई (दुबई) लगायत देश गएर पनि सट्टेबाजी गर्दै आएका छन्।

पछिल्लो समय चिनियाँ नागरिक पनि अनलाइन बेटिङमा संलग्न हुन थालेका छन्। एसपी आचार्य भन्छन्, 'अमेरिकामा बस्ने नेपाली र चिनियाँ नागरिक पनि संलग्न छन् । हामीले पक्राउ गरेर कानूनी कारबाही गरेको तथ्यांकमा पनि चिनियाँ तथा भारतीय नागरिकको संख्या उल्लेख्य छ।'

**प्रचारका लागि 'सरोगेट' विज्ञापन**

अनलाइन बेटिङको प्रचारमा संलग्न भएको आरोपमा करिब दुई वर्षअघि प्रहरीले मरिचमान श्रेष्ठ, राजु पौडेल, पवन खतिवडा, एलिश राई, ज्वलन घर्तीमगर, गणेश देवकोटालगायत कलाकार र युट्युबरलाई पक्राउ गरेको थियो । विज्ञापन (नियमन) गर्ने ऐन २०७६ को दफा ५(१) ख अनुसार, जुवा खेल्न–खेलाउन वा अनुमति नलिएको चिठ्ठा किन्न–किनाउन प्रोत्साहन गर्दै विज्ञापन गर्न पाइँदैन । तर कानूनी प्रावधानलाई छलेर 'सरोगेट एडभरटाइजिङ'मार्फत यस्ता प्लेटफर्मको प्रवर्धन गरिन्छ।

सरकारद्वारा विज्ञापनमा रोक लगाइएका सामग्रीलाई अप्रत्यक्ष रूपमा प्रवर्धन गर्ने मार्केटिङ रणनीति सरोगेट विज्ञापन हो । त्यसका लागि बेटिङ साइटसँग मिल्दोजुल्दो नाम राखेर अर्को वेबसाइट तयार गरिन्छ। जस्तो, वान एक्स बेटलाई वान एक्स ब्याट, मेलबेटलाई मेलब्याट बनाएर विज्ञापन गरिएको छ। कतिपय मूलधारकै नेपाली सञ्चारमाध्यमले पनि यस्ता सरोगेट वेबसाइटको विज्ञापन गरेका थिए।

सरोगेट विज्ञापनको उजुरीपछि विज्ञापन बोर्डले ती विज्ञापन हटाउन पत्र पठाएपछि हटाएका थिए। विज्ञापन बोर्ड अध्यक्ष लक्ष्मण हुमागाईं भन्छन्, 'हटाउँदैमा हुँदैन, त्यो गर्न नहुने काम हो । उनीहरूले बेटिङ एप भन्ने थाहा नपाएर गरेको भनेका छन्।'

तर बेटिङ एप भन्ने थाहा नपाएर विज्ञापन गरेको भन्ने कान्तिपुरले त्यसपछि पनि अस्ट्रेलियामा भएको 'टप एन्ड टी २०' क्रिकेट सिरिजको प्रत्यक्ष प्रसारण गर्दा कान्तिपुर म्याक्समार्फत बेटिङ प्लेटफर्म 'बाजी८८' र 'डाफाबेट'को विज्ञापन गरेको थियो । यसबाहेक, नेपाल प्रिमियर लिग (एनपीएल)को पहिलो संस्करणमा तीन वटा टिमको जर्सीमा तीन फरक बेटिङ कम्पनीको सरोगेट विज्ञापन गरिएको थियो।

**सक्कली डकुमेन्ट, नक्कली प्रयोगकर्ता**

प्रहरीले २०८१ वैशाखमा काभ्रेबाट पक्राउ गरेका अनिल ढुंगानाले चार वर्षमा अनलाइन बेटिङमार्फत २ अर्बभन्दा माथिको कारोबार गरेका थिए। उनले ५६ वटा बैंक अकाउन्ट, १५ वटा वालेट र दुई वटा बाइनेन्स अकाउन्ट खोलेका थिए।

बेटिङ कारोबारकै लागि उनले विभिन्न व्यक्तिको नाममा भएका ११ वटा कनेक्ट आईपीएसमा ५५ वटा बैंक अकाउन्ट लिंक गरेका थिए। यस्ता बैंक खाता र वालेट प्रयोग गर्न उनले २ हजार रूपैयाँ दिँदै सर्वसाधारणको नागरिकता लिन्थे।

बेटिङ एजेन्टले मृत्यु भइसकेका व्यक्तिका नागरिकता र विवरण प्रयोग गरेर पनि डिजिटल वालेट बनाउने गरेका छन्। 'जिओ लोकेसन' पत्ता लगाउन नसकिने भएकाले डिजिटल वालेट कहाँ बसेर चलाइएको छ भन्ने थाहा हुँदैन । वालेट बनाउन प्रयोग गरिएको सिम र नागरिकता विवरणको आधारमा खोज्दा अर्कै व्यक्ति फेला पर्छ।

प्रहरीका एक अधिकारी फोटोकपी सेन्टरबाट पनि नागरिकतालगायत कागजातको दुरूपयोग हुनसक्ने बताउँछन् । एक वर्षअघि प्रहरीले 'केवाईसी' रुजु गर्ने डिजिटल वालेटका तीन कर्मचारीलाई सेवाग्राहीको फोटो, नागरिकताको प्रतिलिपिलगायत विवरण दुरूपयोग गरेर वालेटहरू खोलेको आरोपमा पक्राउ गरेको थियो।

**हुण्डीको नयाँ स्वरूप**

नेपालमा अनलाइन बेटिङमार्फत हुने कारोबार रकमबारे कुनै औपचारिक तथ्यांक छैन । बेटिङसम्बन्धी अनुसन्धान गरिरहेका एक प्रहरी अधिकारी दैनिक ५० करोड रूपैयाँभन्दा माथिको कारोबार हुने अनुमान गर्छन्।

कार्यालयको वेबसाइटमा पछिल्लो एक वर्षमा पक्राउ परेकाहरू आठ वटा घटनामा संलग्न देखिन्छन्। पक्राउ परेकामध्ये ३९ भारतीय र ३४ नेपाली नागरिक छन्। ती आठ घटनामा मात्र ८ अर्ब ६९ करोड ८३ लाख ७७ हजार ५ सय ३२ रूपैयाँ कारोबार भएको देखिन्छ।

पछिल्लो समय विदेशमा रहेका नेपालीलाई नेपालमा निःशुल्क पैसा पठाउन सकिने भन्दै एजेन्टहरूले विज्ञापन गरिरहेका छन्। अनलाइन बेटिङ अनुसन्धान गरिरहेका ती अधिकारीका अनुसार, विदेशमा रहेका नेपालीले आफूले पठाउने रकम बराबरको क्रिप्टोकरेन्सी खरिद गरी एजेन्टको वालेटमा पठाउँछन् । अनि एजेन्टले नेपालमा बेटिङमार्फत जम्मा गरेको पैसाबाटै पाउनुपर्ने व्यक्तिको खातामा पठाउँछन् । यसरी बेटिङ कारोबारले नेपाल आउनुपर्ने रेमिट्यान्सलाई विदेशमै रोकेको छ।

क्रिप्टोको सट्टा गर्ने प्लेटफर्म बाइनेन्समार्फत पनि रकम बाहिरिने गरेको छ। रूपैयाँ लिएर बाइनेन्समा क्रिप्टो लोड गरिदिने थुप्रै एजेन्ट सामाजिक सञ्जाल तथा बाइनेन्समा उपलब्ध छन्। हामीसँग सम्पर्कमा आएका एक साधारण बेटिङ एजेन्टका अनुसार, यहाँका ठूला एजेन्टको भारतीय एजेन्टसँग 'कनेक्सन' हुन्छ। सानोसानो रकम गर्दै नक्कली सपिङ साइटबाट सामान खरिद गरेको अभिलेख देखाई पैसा भारत पठाउने पनि गरिँदै आएको छ।

प्रहरी अनुसन्धानबाट समेत बेटिङको रकम भारत पठाइएको देखिएको छ । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी काजीकुमार आचार्य भन्छन्, 'बेटिङमा प्रयोग भएका बैंक अकाउन्टको डिटेल्स हामीलाई प्राप्त भइसकेको हुन्छ, त्यसलाई फलो गर्दै जाँदा रकम अर्कै बैंकको अकाउन्टमा गइसकेको हुन्छ। अझ कतिपय अवस्थामा त भारतको बोर्डर साइडबाट उक्त पैसा झिकिएको देखिन्छ।'

**हेर्ने निकाय को ?**

अनलाइन बेटिङसम्बन्धी घटनामा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, साइबर ब्युरो र उपत्यकाका तीन जिल्लाकै प्रहरी परिसरले अनुसन्धान गरिरहेका छन् । तर प्रहरीको अहिलेको स्रोत र ज्ञान अनलाइन बेटिङ नियन्त्रणमा पर्याप्त छैन । यससम्बन्धी छुट्टै कानून र प्राविधिक रूपमा दक्ष जनशक्ति हुनुपर्ने एसपी आचार्य बताउँछन् । इन्टरनेट सेवा प्रदायकले पनि यस्ता साइट बन्द गर्नुपर्ने उनको भनाइ छ।

नेपाल दूरसञ्चार प्राधिकरणले २०७९ सालमै यस्ता वेबसाइट बन्द गर्न सबै सेवा प्रदायकलाई निर्देशन दिएको थियो । नेपालमा १०७ वटा इन्टरनेट सेवा प्रदायक संस्था छन् । कतिपय प्रदायकले यस्ता साइट बन्द गरेका छैनन्।

यस्ता साइट बन्द गर्न थप जनशक्ति र उन्नत प्रविधि चाहिने इन्टरनेट सर्भिस प्रोभाइडर एसोसिएसनका सीईओ सुवास खड्का बताउँछन्। उनी भन्छन्, 'सबै इन्टरनेट सेवा प्रदायकको क्षमता नपुग्न सक्छ, हामीले डीएनएस ब्लक गरेर बन्द त गर्दै आएका छौँ, तर कन्टेन्ट फिल्टरको अधिकार हामीसँग नभएकाले प्रभावकारी हुन सकेको छैन।'

डीएनएस (डोमेन नेम सिस्टम) ब्लक मार्फत वेबसाइट बन्द गर्नु प्रभावकारी उपाय होइन। यसरी बन्द गरिएको वेबसाइट भर्चुअल प्राइभेट नेटवर्क (भीपीएन) प्रयोग गरी खोल्न सकिन्छ। कुनै बेटिङ साइट ब्लक गरिहाले पनि त्यसको यूआरएलमा केही परिवर्तन गरेर मिरर लिंकहरू तयार गर्छन्।

जस्तो, वानएक्स बेट डटकम ब्लक गरिएको भए पनि वानएक्स बेट एशिया, वानएक्स बेट लाइट वा यूआरएलमा केही अंक वा अक्षर राखेर मिरर लिंक तयार गर्छन् । यस्ता लिंक खोजेरै इन्टरनेट सेवा प्रदायकले ब्लक नगरेसम्म चलिरहन्छन्। ब्लक गरिहाले नयाँ मिरर लिंक तयार गर्छन्।

क्रिप्टोकरेन्सी, हुन्डी, विदेशी मुद्रा अपचलनजस्ता विषय तानिने हुँदा अनलाइन बेटिङ नेपाल राष्ट्र बैंकसँग पनि जोडिन्छ। राष्ट्र बैंकबाट इजाजत प्राप्त संस्थाले आफ्ना ग्राहकको खातामा शंकास्पद गतिविधि देखिए राष्ट्र बैंकको 'फिनान्सियल इन्टेलिजेन्स युनिट'मा त्यसको रिपोर्ट गर्छ। यसरी पनि कतिपय बेटिङ कारोबारी कारबाहीको दायरामा पर्ने गरेका छन्।

**अपर्याप्त कानून**

नेपालको कानूनले जुवा खेल्ने र खेलाउनेलाई समान नजरले हेर्छ । मुलुकी अपराध संहिताको दफा १२५ मा कसैले पनि जुवा खेलाउने, सट्टेबाजी गर्न नहुने उल्लेख छ । जुवालाई 'संयोगको आधारमा कुनै किसिमको चल वा अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने वा हार्ने वा जित्ने गरी बाजी थापी खेल्ने कुनै किसिमको खेल वा प्रक्रिया' भनी परिभाषित गरेको छ।

तर अनलाइन बेटिङ बुझ्न यो पर्याप्त छैन । अनलाइनबाट हुने सट्टेबाजी बुझ्न 'गेम अफ स्किल' र 'गेम अफ चान्स'को सिद्धान्त बुझ्नुपर्छ। आफ्नो कौशल प्रयोग गरी खेलिने गेम अफ स्किल र संयोगले जितिने गेम अफ चान्स हुन्।

अधिवक्ता नवीन भण्डारी भन्छन्, "अनलाइन बेटिङ गैरकानूनी भनेर उल्लेख गर्नुभन्दा कुन प्रकृतिको एप गैरकानूनी र कुन एप कानूनी भन्ने परिभाषित गर्नुपर्छ । आफ्नो स्किल प्रयोग गरिने प्रकृतिको गेम, एप, प्लेटफर्म कानूनी हुनुपर्छ र संयोगले जितिने गेमका प्लेटफर्म गैरकानूनी हुनुपर्छ।"

अनलाइन बेटिङको सञ्जालमा क्रिप्टोकरेन्सी, विदेशी मुद्रा अपचलन र हुण्डी पनि जोडिएको परिकल्पना पनि हाम्रो कानूनले नगरेको अधिवक्ता भण्डारी बताउँछन् । त्यति मात्र होइन, बेटिङ गराउने कम्पनी नेपालमा दर्ता छैनन्, न त उनीहरूको सर्भर नै यहाँ छ । त्यसैले विद्यमान कानूनमा टेकेर बेटिङ गर्ने र गराउने एजेन्टसम्मलाई मात्र कारबाही गर्न सम्भव भएको भण्डारीको भनाइ छ।

उनी भन्छन्, 'अहिलेको कानूनलाई परिमार्जन गर्ने वा अनलाइन बेटिङलाई सम्बोधन गर्ने केही व्यवस्थासहितको नयाँ कानून निर्माण गर्नैपर्छ। नत्र भोलिका दिनमा यो समस्या झन विकराल बन्छ।'

**अन्तर्राष्ट्रिय अभ्यास**

अनलाइन बेटिङको जालो नियन्त्रण र नियमनका लागि विभिन्न देशले छुट्टै कानून र निकाय बनाएका छन् । सिंगापुरमा अनलाइन बेटिङ लाइसेन्स प्राप्त संस्थाले मात्र गराउन पाउँछ । यसलाई सम्बोधन गर्न सन् २०१४ मै सिंगापुरले 'रिमोट गेम्लिङ एक्ट' जारी गरेको थियो।

त्यहाँ अनलाइन बेटिङ गराउने लाइसेन्स 'सिंगापुर पुल्स प्राली'सँग मात्र छ, त्यसले लोटरी गेम, फुटबल तथा मोटर रेसजस्ता खेल मात्र खेलाउन सक्छ। त्यसका लागि मापदण्ड बनाइएका छन्। यो लाइसेन्स हरेक तीन वर्षमा रिन्यु गर्नुपर्ने प्रकृतिको हुन्छ । सिंगापुरले समग्र गेम्लिङलाई नियमन गर्न सन् २०२२ मा छुट्टै निकाय 'गेम्लिङ रेगुलेटरी अथोरिटी' बनाएको छ।

चीनले आफ्नो फौजदारी कानूनलाई सन् २००६ मा संशोधन गरेर व्यावसायिक तथा मनोरञ्जन दुवै प्रयोजनमा गेम्लिङ गर्न नपाइने व्यवस्था गरेको छ। देशभित्र मात्र होइन, आफ्ना नागरिकलाई अन्य देशमा बसेर पनि यस्तो कार्य नगर्न निर्देशन दिएको छ । चीनमा चिनियाँ सरकारले सञ्चालन गर्ने 'वेलफेयर लोटरी' र 'चाइना स्पोर्टस लोटरी' भने सञ्चालन हुन्छ।

क्रसबोर्डर अनलाइन बेटिङलाई नियन्त्रणका लागि थाइल्यान्ड, कम्बोडिया र आशियानका अन्य सदस्य राष्टहरूसँग सहकार्य गर्दै आएको छ। सन् २०२४ मा मात्रै चीनको 'मिनिस्ट्री अफ पब्लिक सेक्युरेटी'ले चार हजार ५०० अनलाइन बेटिङ प्लेटफर्म बन्द गरेको थियो। यस्तो बेटिङमा संलग्न आशंकामा ११ हजार जना गिरफ्तार गरेको र क्रस बोर्डर गेम्लिङका ७३ हजार घटना अनुसन्धान गरेको आफ्नो वेबसाइटमा उल्लेख गरेको छ।

भारतमा राज्यअनुसार फरक कानूनी प्रावधान छन् । गोवा, सिक्किम, पश्चिम बंगाल, नागाल्यान्डलगायत राज्यमा 'गेम अफ स्किल'लाई कानूनी मान्यता दिएका छन् । आसाम, ओडिसा, तेलंगानालगायत राज्यले भने गेम अफ चान्स र गेम अफ चान्स र स्किलको मिश्रणजस्ता देखिने खेललाई पनि प्रतिबन्ध लगाएका छन्।

रकमको हिसाबले भारतमा हुने अनलाइन बेटिङको २५ प्रतिशत कारोबार कर्नाटकामा हुन्छ। कर्नाटक सरकारले प्रस्ताव गरेको 'कर्नाटक पुलिस अमेन्डमेट बिल– २०२५' मा गेम अफ स्किल अन्तर्गतका खेललाई मान्यता दिने र गेम अफ चान्समा पर्नेलाई प्रतिबन्ध लगाउने उल्लेख छ। यसबाहेक अनलाइन बेटिङ नियमनका लागि 'कर्नाटक अनलाइन गेमिङ एन्ड बेटिङ रेगुलेटरी अथोरेटी' स्थापना गर्ने पनि उल्लेख छ।

तर गत अगस्ट २० र २१ मा लोकसभा र राज्यसभाले 'दि प्रमोसन एन्ड रेगुलेसन अफ अनलाइन गेमिङ बिल २०२५' पास गरेका छन्। अगस्ट २२ मा राष्ट्रपतिद्वारा स्वीकृत उक्त कानूनअनुसार अब भारतमा पैसामा खेलिने गेम अफ चान्स र गेम अफ स्किलमा पर्ने सबै खेल खेल्नु वा खेलाउनु गैरकानूनी भएको छ । यससम्बन्धी विज्ञापन, वित्तीय कारोबार सजिलो बनाउने कार्य साथै खेल आयोजना वा प्रवर्धन गर्ने कार्यहरू पनि प्रतिबन्धित भएका छन्।

यो कानून बनेसँगै भारतमा अनलाइन बेटिङ केन्द्र सरकारको क्षेत्राधिकार भित्र पर्ने कि राज्य सरकारको भन्ने बहस शुरू भएको छ। यही मुद्दा लिएर विभिन्न गेमिङ कम्पनी अदातल पुगेका छन् । (उकालो)

# निर्वाचनको वातावरण बनिसकेको छः सञ्चारमन्त्री



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले आगामी फागुन २१ गतेका लागि घोषित निर्वाचनको वातावरण बनिसकेको बताएका छन् । दक्षिण कोरिया भ्रमणमा रहनुभएका सञ्चारमन्त्री खरेलसँग नेपाल पत्रकार महासङ्घ दक्षिण कोरिया शाखाले शुक्रबार गरेको साक्षात्कार कार्यक्रममा मन्त्री खरेलले निर्धारित मितिमै निर्वाचन हुने विश्वास व्यक्त गरे।

'फागुन २१ मा निर्वाचन गर्छौं, निर्वाचनका लागि वातावरण बनिसकेको छ,' सञ्चारमन्त्री खरेलले भने, 'भयरहित निर्वाचनका लागि सुरक्षाको वातावरण पनि बनिसकेको छ। नेपाल प्रहरीमा नयाँ नेतृत्व आएको छ । कुनै पनि राजनीतिक दलले निर्वाचनमा भाग लिन्नौँ भनेका छैनन्। केही दलले निर्वाचनका लागि सुरक्षाको वातावरण बनाउनुपर्छ भनेर चासो देखाएका छन्।'

सरकारका प्रवक्तासमेत रहेका मन्त्री खरेलले निर्वाचनका लागि सरकार र राजनीतिक दलले वातावरण बनाउनुपर्नेमा जोड दिए। उनले जेन्जी आन्दोलनको जगमा बनेको अन्तरिम सरकारको मुख्य प्राथमिकता निर्वाचनसँगै सुशासन कायम, भ्रष्टाचार नियन्त्रण तथा रोजगारी र नवप्रवद्र्धन भएको उल्लेख गरे।

मन्त्री खरेलले एआई र डिजिटल ट्रान्सफरमेसन नै नेपालको भविष्य भएको बताए । उनले डिजिटल रूपान्तरमा संसारको प्रतिष्ठित मुलुक कोरियाबाट ज्ञान, सीप अनुभव हासिल भएको तथा नेपालले भर्खरै राष्ट्रिय एआई केन्द्र स्थापना गरेको सन्दर्भमा एआईको विस्तारका लागि कोरिया सरकारबाट थप सहयोगको अपेक्षा गरे।

विदेशमा रहेका नेपालीको नेपाल बनोस, शान्ति, स्थिरता र सुशासन प्रवद्र्धन होस् भन्ने चाहना रहेको मन्त्री खरेलले उल्लेख गरे । उनले भने, 'तपाईंहरूमा देश बनोस् भन्ने भावना छ।

यो सरकारलाई नराम्रो गलत गर्ने छुट्टै छैन, व्यवहारिक रूपमा कति गर्न सकिन्छ थाहा छैन तर नराम्रो चाहिँ अवस्य गरिने छैन । पाँच महिनाको अवधिमा केही थितिहरू बसाल्छौँ।'

सञ्चारमन्त्री खरेलले सरकार संविधानको जगमा गठन भएको तथा नेपालका सबै राजनीतिक दलहरूले मान्यता दिएको र अन्तरराष्ट्रिय समुदायको पनि समर्थन रहेको भन्दै जेन्जीको भावनाअनुरूप निर्वाचन प्रणाली र शासकीय स्वरूपबारे छलफल गरिने विश्वास दिलाए। उनले आगाडि थपे, 'निर्वाचन प्रणालीमा सुधार गर्नैपर्छ। शासकीयस्वरूप कस्तो बनाउने सर्वपक्षीय छलफल गरेर निर्वाचन प्रणाली कम खर्चिलो बनाएर लैजानुपर्नेछ । विदेशमा रहेका नेपालीलाई मतदान गर्ने प्रबन्ध मिलाउनका लागि कानुनी प्रक्रिया शुरु गरिएको छ, अध्यादेश ल्याएर भए पनि यो व्यवस्था गरिने विश्वास दिलाउँदछु।'

मन्त्रीखरेललेनेपालवायुसेवानिगम(नेपाल एयरलाइन्स) को दक्षिण कोरियामा सिधा उडानका लागि आवश्यक पहल गरिने बताए । महासङ्घ दक्षिण कोरिया शाखाका कार्यवाहक अध्यक्ष सन्तोष खड्काले कोरियामा रहेका नेपालीको समस्या सहजीकरण र दुई देशबीचको सम्बन्धलाई बलियो बनाउन सबैले भूमिका खेल्नुपर्नेमा जोड दिए।

दक्षिण कोरियास्थित नेपाली राजदूतावासका द्वितीय उपाध्यक्ष जेमिन अधिकारीले नेपालीको हकअधिकार तथा नेपाल र कोरियाबीचको सम्बन्ध बलियो बनाउ दूतावासले काम गरिरहेको उल्लेख गरे।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) आइसिसीको महिला उपाध्यक्ष जुनु गुरुङले कोरियामा रहेका श्रमिकहरूको समस्यालाई सहजीकरण गर्न, समस्यामा परेका नेपालीलाई सहयोगलगायतमा समन्वय गरिरहेको जानकारी दिए।

कार्यक्रममा सहभागीहरूले नेपालमा ऊर्जा पर्यटनलगायत क्षेत्रमा लगानी गर्न र आर्थिक लगानी भित्र्याउने वातावरण बनाउन सुझाएका थिए । जेन्जीको भावनाबमोजिम सुशासन प्रवद्र्धन र भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी काम गर्नुपर्ने उनीहरूको सुझाव छ।

साथै जेन्जीका माग पूरा गराउन पहल गर्न तथा निर्वाचनमा विदेशमा रहेका नेपालीले मतदान गर्न पाउने व्यवस्थाका लागि पहल गर्न सञ्चारमन्त्रीसमक्ष आग्रह गरे। दक्षिण कोरियामा रोजगारी, व्यापार, अध्ययनलगायतमा झण्डै एक लाख नेपाली रहेको बताइन्छ । दक्षिण कोरियाको सिओलमा आयोजना भएको ११ औँ 'ग्लोवल आइसिटी लिडरसिप फोरम' मा सहभागी हुन सञ्चारमन्त्री खरेल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही कात्तिक २५ गते दक्षिण कोरिया गएका हुन्।

सञ्चारमन्त्री खरेलका साथमा उनका स्वकीय सचिव उद्धव भट्टराई पनि कोरिया जानुभएको छ । कोरियाको विज्ञान र आइसिटी (एमएसआइटी) मन्त्रालय तथा नेशनल इनफर्मेशन सोसाइटी एजेन्सी (एनआइए)सँगको संयुक्त आयोजनामा सिओलमा आइसिटी लिडरसिप फोरम आयोजना गरिएको हो। रासस

# राजनीतिक दल र युवा पुस्ता एकताबद्ध हुनुपर्नेमा जोड

**गुल्मी ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले राजनीतिक स्थायित्व एवं विकासका निम्ति सबै राजनीतिक दल र युवा पुस्ता एकताबद्ध हुनुपर्नेमा जोड दिएका छन् ।

प्रेस चौतारी गुल्मी शाखाले शनिबार तम्घासमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले देश विकासको पहिलो सर्त राजनीतिक स्थायित्व हो भने ।

नेता ज्ञवालीले एमालेलाई आत्मबलका साथ पुनःऊर्जाशील बनाउने, जनतामाझ उपस्थित भई उनीहरूका भावना बुझ्ने तथा पार्टीलाई सुव्यवस्थित ढङ्गले रूपान्तरण गर्ने अभियान शुरु गरिएको बताए । हालैको 'जेन्जी आन्दोलन' मा घुसपैठ भएको तथा सुनियोजित ढङ्गले सार्वजनिक एवं व्यक्तिगत सम्पत्तिमा आगजनी गरिएको टिप्पणी गरे ।रासस

# गाँजाखेतीसम्बन्धी विधेयक विषयगत समितिमा

**गण्डकी ।**
गण्डकी प्रदेशसभामा सामान्य छलफलपछि संशोधन प्रस्तावसहित 'औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजाखेतीलाई नियमन गर्न बनेको विधेयक' दफावार छलफलका लागि विषयगत समितिमा पठाइएको छ ।

यही कात्तिक २४ गते बसेको प्रदेशसभा बैठकमा प्रस्तुत भएको उक्त विधेयकमा दुई जना प्रदेशसभा सदस्यबाट संशोधनको सूचना प्राप्त भएको थियो ।

शुक्रबारको प्रदेशसभा बैठकले संशोधन प्रस्तावसहित उक्त विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने प्रस्तावलाई सर्वसम्मत पारित गरेको प्रदेशसभाका उपसभामुख वीनाकुमारी थापाले जानकारी दिए । विषयगत समितिमा दफावार छलफपछि पुनः प्रदेशसभामा बैठकमा छलफल भएपछि विधेयक पारितको प्रक्रिया अगाडि बढ्ने प्रदेशसभा सचिवालयले जनाएको छ ।

लागुऔषधसम्बन्धी सङ्घीय ऐन र अन्य प्रचलित कानुनसँग नबाझिने गरी गाँजाखेतीसम्बन्धी कानुन बनाउने तयारीमा प्रदेश सरकार छ ।

प्रदेशसभामा प्रस्तुत भएको भइसकेको उक्त विधेयकमा गाँजाखेती र व्यवसायका लागि कडा प्रावधान राखिएको छ । प्रदेश सरकारले गाँजाखेतीसम्बन्धी नौ प्रकारका इजाजत दिनेगरी विधेयकको तयार पारेको हो ।

जसमा प्रतिव्यक्ति निवेदन दस्तुरको रु पाँच हजारदेखि खरिद बिक्रीसँगै आयात–निर्यातका लागि एक करोड ५० लाख रुपैयाँसम्म तिरेर अनुमति लिनुपर्ने पाउने व्यवस्था गरिएको छ ।

गाँजाखेतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट अनुमति लिनुपर्ने र सोको अन्तिम निर्णय गर्ने अधिकार मुख्यमन्त्रीमा रहने गरी विधेयकमा प्रस्ताव गरिएको छ ।

अनुमतिबिना गाँजाखेती, ओसारपसार र बिक्रीवितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ । गाँजाजन्य पदार्थको विज्ञापन गर्न नपाइने तर रेशाबाट बनेका कपडा, तेलजस्ता औद्योगिक उत्पादनको भने विज्ञापन गर्न पाइने व्यवस्था विधेयकमा गरिएको छ । गाँजाखेती व्यवस्थापन र नियमनका लागि शक्तिशाली 'गाँजा नियमन बोर्ड' गठनको प्रस्ताव गरिएको छ ।रासस

# मतदाता नामावली उत्साहपूर्वक सङ्कलन गरिँदै

**काठमाडौँ ।**
राष्ट्रिय परिचयपत्र प्रयोग गरेर पनि मतदाता नामावली सङ्कलन सुरू गरेपछि नयाँ मतदाताको सङ्ख्या उत्साहजनक रूपमा वृद्धि हुन थालेको छ ।

सम्बन्धित निर्वाचन कार्यालयमा नामावाली दर्ता गराउँदै आएको आयोगले चाप व्यवस्थापन गर्न यही कात्तिक २७ गतेदेखि राष्ट्रिय परिचयपत्र प्रयोग गरेर पनि जैविक विवरण (फोटो तथा औँठाछाप) दिन सकिने व्यवस्था गरेपछि परिचयपत्र बनाउनेको सङ्ख्या बढेको छ ।

आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई लक्ष्य गरेर आयोगले मतदाता नामावली र अद्यावधिक कार्य सञ्चालन गरेको हो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राष्ट्रिय परिचयपत्र प्रयोग गरेर कात्तिक २९ गते राति ९ बजेसम्म ५० हजार २ सय १७ पुरूष, ३० हजार २ सय ३५ महिला र चार अन्यगरी ८० हजार ४ सय ५६ नयाँ मतदाता थपिएका छन् ।

योसँगै निर्वाचन घोषणा भएपछि दर्ता भएका मतदाताको संख्या दुई लाख ८१ हजार १ सय २९ पुगेको छ । आयोगले आज पनि नामावली दर्ता जारी राखेको छ ।रासस

# निर्वाचनको विकल्प छैनः यादव




**रुपन्देही ।**
जनता समाजवादी पार्टी (जसपा), नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकमा निर्वाचनको विकल्प नभएको बताएका छन् । शनिवार यहाँको भैरहवामा पार्टीको लुम्बिनी प्रदेश समितिको प्रथम अधिवेशनमा उनले निर्वाचनका लागि सरकारले वातावरण बनाउनुपर्नेमा जोड दिए ।

अध्यक्ष यादवले हाल सुरक्षाको वातावरणका बारेमा धेरैको चिन्ता र चासो रहेको भन्दै सरकारले सम्बोधन गर्नुपर्ने बताए । 'यो सरकारको दायित्व नै निर्वाचन गराउने हो । जनतालाई सुरक्षा दिने प्रहरी प्रशासन भयभित रहेको अवस्थामा यसको अन्त्य गरेर निर्वाचनको वातावरण बनाउनुपर्छ र निर्वाचन हुनुपर्छ,' उनले भने ।

पूर्वउपप्रधानमन्त्री यादवले लोकतन्त्रमा जनताको प्रतिनिधि सरकारमा हुनुपर्ने बताउँदै जनसङ्ख्याको आधारमा प्रतिनिधित्व आवश्यक रहेकामा जोड दिए । उनले पार्टी र उम्मेदवारले पैसा खर्च गर्न नपर्ने गरी निर्वाचन प्रणाली सुधार हुनुपर्ने र सङ्घीय संरचना सुधार्न प्रदेश सरकारलाई अधिकारसम्पन्न बनाइपर्ने धारणा राखे ।

पार्टीका महासचिव रामकुमार शर्माले उत्पीडित समुदायले पाएका अधिकार सुरक्षित गरी संविधान संशोधनमार्फत देशलाई अग्रगमनतर्फ लैजानुपर्नेमा जोड दिए ।रासस

# जेन्जी आन्दोलनका दिन सेनाले हिरासतमा राखेको खुलासा




**काठमाडौँ ।**
नेकपा एमालेका उपमहासचिव तथा पूर्व सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले भदौ २४ गतेको जेन्जी आन्दोलनका दिन सेनाद्वारा पक्राउ गरी हिरासतमा राखिएको खुलासा गरेका छन् ।

एमालेले देशभर विरोध कार्यक्रम चलाइरहेका बेला लमजुङ पुगेका गुरुङले सो दिन साढे १२ बजे सेनाको हेलिकप्टरमार्फत आफू र अन्य मन्त्रीहरू तथा उनीहरूका परिवारलाई नियन्त्रणमा लिएर सेनाले हिरासतमा राखेको बताएका हुन् ।

उनले भने, '२४ गते मर्थें म साढे १२ बजे सेनाको हेलिकप्टर आएर मजस्तै थुप्रै मन्त्री र उनका परिवारहरूलाई सेनाले हिरासतमा लग्यो । हामी सेनाबाट पक्राउ परेर सेनाको हिरासतमा बसेर आएका मन्त्रीहरू हौँ ।'

यो विषयमा तत्कालीन प्रधानमन्त्री तथा नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि सेनाले सहयोग नगरेको अभिव्यक्ति दिँदै आएका छन् । यही सन्दर्भ जोड्दै गुरुङले आफूहरू हिरासतमै राखिएको बताएका हुन् ।

यता, सो दिनको जेन्जी प्रदर्शनका क्रममा विभिन्न सरकारी तथा निजी सम्पत्तिमाथि आगजनी र तोडफोड भएका थिए । त्यसपछि सुरक्षाको दृष्टिले सेनाले राष्ट्रिय विशिष्ट व्यक्तिहरूलाई विभिन्न गणमा लगेर सुरक्षा दिलाएको पनि भनिएको छ ।

गुरुङको यो अभिव्यक्ति अहिलेको राजनीतिक परिवेशमा चर्चा र विवादको विषय बनेको छ।

# मुलुकलाई सङ्कटबाट उकास्न एमाले सक्षमः पोखरेल

**बाँके ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले मुलुकलाई सङ्कटबाट उकास्न आफ्नो दल सक्षम रहेको बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाँके जिल्ला कमिटीले शनिवार नेपालगञ्जमा आयोजना गरेको जनसभामा उनले राष्ट्रलाई वर्तमान सङ्कटबाट उकास्न पार्टी क्रियाशील रहेको बताए ।

'जनताको रोजाइमा पहिलो पार्टी बनिसकेको थियो, अब हामी एमालेलाई निर्णायक राष्ट्रिय शक्तिमा बदल्ने अभियानमा छौँ,' उनले भने ।




राष्ट्रलाई वर्तमान सङ्कटबाट उकास्न सबै लोकतन्त्रवादी एकजुट हुनुपर्नेमा उनले जोड दिए ।

महासचिव पोखरेलले भने, 'देशको सङ्कट टार्न र लोकतन्त्रलाई सही बाटोमा फर्काउन प्रतिनिधिसभाको पुनःस्थापना गरेर त्यसका माध्यमबाट युवाका माग सम्बोधन गर्न सकिन्छ ।रासस

# खड्काद्वारा एकताबद्ध भएर धैर्यता राख्न आग्रह

**काठमाडौँ ।**
नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले एकताबद्ध भएर पार्टीको वर्तमान मर्मलाई बुझी दिइ धैर्यता राख्न आग्रह गरेका छन् ।

उनले शनिबार समाजिक सञ्जालमार्फत आफूप्रतिका टिप्पणीहरुलाई सदा सम्मान गरिरहने र त्यस्ता टिप्पणी नै आफ्ना लागि शक्ति र मार्गदर्शन हुने उल्लेख गरेका छन् । उनले भने, 'इतिहासमै देश र पार्टीमाथि देखिएको प्रतिकूल अवस्थालाई ध्यानमा राखेर निर्णय गर्न केही समय ढिला भए पनि, हतारमा निर्णय गरेर पछि पछुताउनुभन्दा, पार्टीको उपयुक्त निर्णय गर्न समय लागेको छ ।'

कावा सभापति खड्काले पार्टीलाई एकताबद्ध राखेर प्रतिकूल समयको पदचापलाई सामना गर्न, विगतका गल्ती–कमजोरी स्वीकारी जनतासँग माफी मागेर विगतमा जस्तै समाधानको नेतृत्व फेरि एकपटक कांग्रेसले लिन सक्ने गरी पार्टीको उपयुक्त निर्णय गर्न समय लागेको स्पष्ट पारेका छन् ।रासस

# निर्माणाधीन कोबाङ–जोमसोम सडक आठ वर्षदेखि अलपत्र

**मुस्ताङ।**
उत्तर–दक्षिण जोड्ने राष्ट्रिय गौरवको आयोजना (बेनी–जोमसोम) अन्तर्गत कोबाङ–जोमसोम खण्ड निर्माण कम्पनीको ढिलासुस्तीका कारण आठ वर्षदेखि अलपत्र परेको छ। बेनी–जोमसोमको ७४ किमीअन्तर्गत कोबाङ–जोमसोम खण्डको करिब १७ किमी सडक निर्माण कम्पनीको लापरबाहीका कारण आठ वर्षदेखि अलपत्र परेको हो। मुस्ताङको घाँसाबाट माथिल्लो स्थानसम्म कालोपत्र भइसक्दा कोबाङ–जोमसोम खण्डको तीन स्थानमा काम हुन सकेको छैन। कालीगण्डकी करिडोरअन्तर्गत बेनी–जोमसोम सडकको चार खण्ड आर्थिक वर्ष २०७३–७४ मा ठेक्का सम्झौता भई निर्माण थालनी गरिएको थियो। पप्पु–गौरी पार्वती कोशी एण्ड न्यौपानी जेभीले ११ मिटर चौडा सडक निर्माणसहित कालोपत्र गर्न ७० करोड रुपैयाँ लागतमा ठेक्का सम्झौता गरेको थियो। सुरुआती चरणमा खण्डमा निर्माण कम्पनीले काममा तीव्रता दिए पनि केही समयपछि ढिलासुस्ती गरेपछि काम रोकिएको थियो। लामो समयसम्म काम नगरेपछि कालीगण्डकी करिडोर बेनी–जोमसोम–कोरला सडक आयोजनाले निर्माण कम्पनीलाई कारबाहीको प्रक्रिया अघि बढाएको थियो। आयोजनाको पटकपटकको ताकेता र कारबाहीको प्रक्रिया अघि बढाइपछि जेभीको मुख्य कम्पनी गौरी–पार्वतीले जिम्मा लिएको थियो। गौरी पार्वती निर्माणमा फर्किए पनि आंशिक रूपमा मात्र काम भएको छ। निर्माण कम्पनीको लापरबाही र ढिलासुस्तीका कारण कामले गति लिन नसकेको आयोजना कार्यालयले जनाएको छ।

आयोजनाका अनुसार उक्त सडक निर्माणका लागि कम्पनीलाई कूल ठेक्का सम्झौता लागतको शून्य दशमलव शून्य पाँच प्रतिशत हुनेगरी जरिवाना रकम कायम गरिएको छ। सुरुआती ठेक्का सम्झौता भएको कोबाङ–जोमसोम सडकको हालसम्म सातौँ चरणमा म्याद थपको प्रक्रिया अघि बढेको आयोजनाका सूचना अधिकारी इञ्जिनीयर बाबुसाहेव बैठाले जानकारी दिए। उनका अनुसार हाल उक्त सडकको भौतिक प्रगति ९० प्रतिशत र वित्तिय प्रगति ८० प्रतिशत छ।

कोबाङ–जोमसोम सडकअन्तर्गत थासाङ गाउँपालिकाको टुकुचेमा ४ सय मिटर कालोपत्र र ३ सय मिटर आरसिसी प्रविधिको सडक विस्तार गर्ने काम बाँकी रहेको गौरी पार्वती निर्माण कम्पनीका प्रतिनिधि सुमन अधिकारीले बताए। यस क्षेत्रमा कालोपत्र र आरसिसी प्रविधिको ‘ड्रेन’ र ‘स्टक्चर’को काम सकिएको छ। साथै सोहीखण्डको मार्फा राजखोलाको पक्की पुलबाट माथिल्लो क्षेत्रमा करिब एक हजार २ सय सय मिटर कालोपत्र गर्न बाँकी रहेको अधिकारीले जानकारी दिए। जोमसोमका पुथाङ विमानस्थल माथिबाट नेपाली सेनाको ब्यारेकसम्म करिब ५ सय मिटर सडकमा ‘स्ट्रक्चर’ र कालोपत्र गर्न बाँकी रहेको उनले बताए। कम्पनीका प्रतिनिधि अधिकारीले कोबाङ–जोमसोम सडकको सम्पूर्ण काम मङ्सिर मसान्तसम्म सम्पन्न हुने दाबी गरे। ‘हामीले जिम्मा लिएपछि कामलाई तीव्रता दिएका हौँ, सोहीअनुसार काम पनि भइरहेको छ,’ उनले भने, ‘अहिले कामदार धान काट्न घर गएकाले काम रोकिएको हो, अब एक हप्ताभित्रै कामले निरन्तरता पाउने छ।’

राष्ट्रिय गौरवको बेनी–जोमसोमअन्तर्गतको चौथो खण्ड कोबाङ–जोमसोम सडक कालोपत्र नहुँदा पर्यटक, स्थानीयका साथै सवारीसाधन र पैदलयात्रीलाई सास्ती हुँदै आएको छ। कोबाङ–जोमसोम सडक पूरा भएमा मुस्ताङ र म्याग्दीको सिमाना घाँसाबाट कागबेनी–मुक्तिनाथसम्मको आवागमन सहज हुनेछ। रासस

# आर्जन सहकारीको १६औँ वार्षिक साधारण सभा



**भक्तपुर।**
‘दिगो विकासका लागि बचत गर्ने बानी बसालौँ, भविष्यका लागि ढुक्क होऔँ’ भन्ने मूल नारासहित आर्जन बचत तथा ऋण सहकारी संस्थाले शनिबार आफ्नो १६औँ वार्षिक साधारण सभा सम्पन्न गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि तथा समस्या ग्रस्त सहकारी व्यवस्थापन समितिका सदस्य ध्रुव आचार्यले सहकारीका मूल्य–मान्यतालाई व्यवहारमा उतार्न सहकारी सिद्धान्तहरूले मार्गदर्शन गरिरहेको बताए। उनले सहकारी संस्थाहरूले सदस्यहरूका आर्थिक तथा सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे। साधारण सभाका सभापति एवं संस्थाका अध्यक्ष कृष्णप्रसाद घिमिरेले सहकारीलाई आर्थिक असमानता घटाउने माध्यमका रूपमा व्याख्या गर्दै, ‘सहकारीका माध्यमबाटै आत्मनिर्भरता सम्भव छ,’ भने।

हिमालय सीमापार वाणिज्य संघका उपाध्यक्ष भरत कार्कीले सहकारीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न तथा सदस्यहरूलाई सचेत बनाउन तालिम र शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिए।

कार्यक्रममा कोषाध्यक्ष पीताम्बर दाहालले संस्थाको वार्षिक आय–व्यय विवरण र भविष्यका योजनाहरू प्रस्तुत गरे भने उपाध्यक्ष केशवप्रसाद खतिवडाले नेपालमा सहकारी आन्दोलनको विकासक्रमबारे चर्चा गर्दै स्वागत मन्तव्य दिए। साधारण सभामा तामाकोसी, भद्रावती लगायतका सहकारीका पदाधिकारी, हिलसाइड इन्जिनियरिङ कलेजका सञ्चालक गोपीकृष्ण न्यौपाने, संस्थापक अध्यक्ष नवराज न्यौपाने, लेखा संयोजक उत्तम न्यौपाने लगायतका वक्ताले सहकारीको प्रगति, चुनौती र अवसरबारे विचार व्यक्त गरे।

कार्यक्रममा ज्येष्ठ नागरिक लक्ष्मीप्रसाद ढुंगेल र बालकुमारी न्यौपानेलाई सम्मान गरिएको थियो। त्यस्तै, उत्कृष्ट ऋणी खम्बबहादुर थापा र उत्कृष्ट बचतकर्ता सुमित्रा केसीलाई पुरस्कृत गरियो। साथै, सहकारी सदस्यका छोराछोरीमध्ये एसईईमा उच्च अंक ल्याउने प्रशान्त सुवेदी र सृष्टिका श्रेष्ठलाई नगद पुरस्कारसहित सम्मान प्रदान गरिएको थियो।

# तीन अर्ब बराबरका दुई बचतपत्रको बिक्री खुला

**काठमाडौँ।**
सरकारी ऋण उठाउन सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले दुई वटा बचतपत्रको बिक्री खुला गरेको छ। कार्यालयले दुई अर्ब ५० करोड रुपैयाँ बराबरको ‘नागरिक बचतपत्र–२०८७’ र ५० करोड रुपैयाँ बराबरको ‘वैदेशिक रोजगार बचतपत्र–२०८७’ निष्कासन गर्न लागेको हो।

पाँच वर्ष अवधिका यी दुवै बचतपत्र खरिदका लागि आगामी मङ्सिर २५ गतेसम्म आवेदन दिन सकिनेछ भने मङ्सिर २८ गते निष्कासन हुनेछ। नागरिक बचतपत्रमा छ दशमलव पाँच प्रतिशत र वैदेशिक रोजगार बचतपत्रमा सात दशमलव पाँच प्रतिशत वार्षिक ब्याजदर उपलब्ध हुनेछ।

बचतपत्रको ब्याज हरेक छ–छ महिनामा सम्बन्धित खरिदकर्ताको बैंक खातामा भुक्तानी हुनेछ भने घटीमा १० हजार रुपैयाँ र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई १० हजार रुपैयाँले भाग गर्दा निःशेष भाग जाने अङ्कमा खरिद गर्न पाइनेछ।

नागरिक बचतपत्र नेपाली नागरिक र गैरआवासीय नेपाली नागरिकले खरिद गर्न सक्नेछन्। त्यस्तै, वैदेशिक रोजगार बचतपत्र मुलुकबाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको छ महिना पुगेका नेपाली नागरिक, गैरआवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्यको नाममासमेत गरिन गर्न सक्नेछन्। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सञ्चालन गर्ने डोम्स (डिओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत बचतपत्र खरिदका लागि आवेदन दिन सकिनेछ।

अघिल्ला वर्षमा नागरिक बचतपत्र शतप्रतिशत बिक्री हुँदा वैदेशिक रोजगार बचतपत्रमा भने लगानीकर्ताको न्यून चासो देखिने गरेको छ। लगानीकर्तालाई बचतपत्रबारे पर्याप्त जानकारी नहुँदा विगतका वर्षमा निष्कासन गरिएको रकमभन्दा कम मात्रै खरिद हुने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले बताए। ‘बचतपत्र के हो ? किन लगानी गर्ने ? कसरी लगानी गर्ने ? जस्ता विषयमा धेरैलाई जानकारी छैन। पछिल्ला वर्षमा खरिद गर्नेहरूको संख्या बढ्दै गए पनि अझै धेरैले जानकारी पाएका छैनन,’ उनले भने। नागरिक बचतपत्रका लागि पछिल्लो चार दिनमा मात्र ८० करोड रुपैयाँ बराबरको आवेदन परिसकेको पुडासैनीले जानकारी दिए। यसवर्ष तोकिएको समय अघि नै खरिद भइसक्ने अनुमान गरिएको उनको भनाइ छ। उनका अनुसार पहिलो आवेदन दिनेले पहिले खरिद गर्न पाउने यी बचतपत्र ‘स्टक’का रूपमा जारी हुनेछन्।

यस्ता बचतपत्रको ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा आकर्षक रहेका जनाउँदै पुडासैनीले यसको महत्व र फाइदाबारे अधिकांश नागरिकलाई जानकारी नभएको बताए। ‘लगानीका लागि धेरैले घरजग्गा, सुनचाँदी, पुँजीबजार र मुद्दती निक्षेपजस्ता क्षेत्रलाई प्राथमिकता दिने गरेका छन्। लगानीका यी विकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण बचतपत्र हो,’ उनले भने।उपसचिव पुडासैनीका अनुसार बचतपत्र पूर्ण रूपमा सुरक्षित लगानी हो। यसमा सरकारले मूलधनको सुशिन्चित गरेको हुन्छ। साथै, बचतपत्रको ब्याज रकम हरेक छ महिनामा खरिदकर्ताको बैंक खातामा सिधैँ जम्मा हुन्छ। यसलाई धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिने पुडासैनीले उल्लेख गरे। ‘दोस्रो बजारमा सहजै कारोबार हुने तथा बचतपत्र धारकले जुनसुकै बेला वा बेच्न चाहेको बेला बैंक तथा वित्तीय संस्थाले किन्नुपर्ने बाध्यात्मक व्यवस्था छ। सोहीकारण बचतपत्रलाई तत्काल तरलतामा रुपान्तरण गर्न सकिन्छ। अर्थात् आफूले खरिद गरेको बचतपत्र चाहेको समयमा तत्कालै बेच्न सकिन्छ,’ उनले भने।रासस

# एनपिएलको तयारी पूरा

**काठमाडौँ।**
दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को सम्पूर्ण तयारी पूरा भएको नेपाल क्रिकेट सङ्घ (क्यान)ले जनाएको छ। पर्सि सोमबारदेखि मङ्सिर २७ गतेसम्म हुने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको क्यानका महासचिव पारस खड्काले शनिवार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।

प्रतियोगिताका विजेता टोलीलाई पुरस्कारस्वरुप एक करोड १० लाख रुपैयाँ प्रदान गरिनेछ। यसअघि जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो। त्यसैगरी, प्रतियोगिताको उपविजेता टोलीले भने ५१ लाख रुपैयाँ प्राप्त गर्नेछ भने तेस्रो स्थान हासिल गर्नेले २५ लाख रुपैयाँ तथा चौथो हुनेले १५ लाख रुपैयाँ प्राप्त गर्नेछ।

एनपिएलमा विभिन्न आठ फ्रेञ्चाइज टोली सहभागी हुनेछन्। उद्घाटन खेल जनकपुर बोल्ट्स र काठमाडौँ गोर्खाजबीच हुनेछ।रासस

# दुईतिहाइ ल्याउन नीतीश कुमारले के गरेका थिए ?

**काठमाडौँ।**
भारतको बिहार राज्यमा भएको विधानसभामा नेसनल डेमोक्रेटिक एलाइन्स (एनडीए)ले दुईतिहाइ मत प्राप्त गरेर फेरि एकपटक बिहारमा सत्ताको साँचो आफ्नो हातमा परेको छ। भारतीय जनता पार्टी (भाजपा) र नीतीश कुमार नेतृत्वको जनता दल (युनाइटेड) को एनडीए गठबन्धनले २ सय ४२ सिटमध्ये २ सय २ मा जित निकाल्यो। जुन दुईतिहाइ भन्दा बढी हो।

यस जितसँगै बिहारमा नीतीश कुमारको लगातार (२० वर्षदेखि) शासनले पुनःवैधानिक्ता प्राप्त गर्न सफल भयो। अब उनी १०औँ पटक बिहारको मुख्यमन्त्रीमा आशन हुनेछन्। निर्वाचन आयोगका अनुसार भाजपाले ८९ तथा नीतीश नेतृत्वको युनाइटेडले ८५ सिट हात पारेको छ।

एनडीए गठबन्धनले २ सय २ सिट जित्दा महागठबन्धनले मात्र ३५ सिट जितेको छ। नीतीश कुमारलाई सत्ताबाट बाहिर निकाल्ने गरी लालुप्रसाद यादवका कान्छा छोरा तेजस्वी यादवको नेतृत्वमा रहेको आरजेडीले कंग्रेस र कम्युनिस्ट पार्टीहरूसँग मिलेर महागठबन्धन बनाएका थिए।

महागठबन्धले ३५ सिट जित्दा अन्यले ६ सिटमा जित हात पारे। महागठबन्धनलाई पछि पार्न नीतीश कुमारले के गरेका थिए? अहिले धेरै कोणबाट विश्लेषण भइरहेको छ।

यो जितको पछाडिको मुख्य कारण नीतीश कुमारले चुनावलाई लक्षित घोषणा गरेका योजनाहरु रहेको विश्लेषण भइरहेको छ। जहाँ राज्यले अर्बौं रुपैंया खर्चिएको थियो। साथमा महागठबन्धन भित्रकै अन्तर्घातका कारणले पनि एनडीए बलियो बन्न पुग्यो। केबल ३५ सिटमा खुम्चिएको महागठबन्धनलाई बिहार चुनावले झनै ठूलो क्षति गरेको छ।

नीतिश कुमारले चुनाव भन्दा अगाडि महिला, प्रौढ र युवा तथा मध्यम वर्गका परिवारलाई लक्षित गरेर अनेक कार्यक्रम घोषणा गरेका थिए। अर्बौ रुपैयाँ राज्यको स्रोत उनले खर्चिन पुगे। जसको फाइदा उनले सोझै चुनावमा उठाए। उनले तत्कालै गरेको कामले सबैलाई विश्वास भयो। त्यसो त यो जितका पछि नीतिशका घोषणा मात्र एक्लो कारण भने होइन। यसको पछि बलियो दलित समर्थन रहेको चिराग पासवान एनडीएमा जोडिन अर्को महत्वपूर्ण फ्याक्टर बन्यो। जसका कारण उसलाई ५० सिट बढी फाइदा भएको मानिन्छ।

**महिलालाई लक्षित गर्दै ‘जीवका दीदी’ योजना**

२९ अगस्ट, २०२५ मा मुख्यमन्त्री नीतिश कुमारले महिला रोजगार योजनाको घोषणा गरे। उनले १८ देखी ६० वर्ष सम्मका महिलालाई विजनेस शुरु गर्नका लागि ‘जीविका दिदी’ योजना अन्तर्गत दुई लाख रुपैयाँ दिने घोषणा गरे।

पहिलो किस्तामा १० हजार रुपैयाँ पठाए। २६ सेप्टेम्बरमा पहिलो पटक महिला महिलाको खातामा पैसा पुग्यो। चुनाव भन्दा अगाडी १.२१ करोड महिलाका खातामा पैसा पुगेको थियो। महिलामा यो योजना १० हजारको नामले चर्चित भयो। यसलाइ आधार मान्दै भोट वाइबका फाउन्डर अमिताभ तिवारी भन्छन्, ‘सरकारले १.२१ करोड महिलालाई १० हजारका दरले पैसा दियो। जुन ४० प्रतिशत प्रत्यक्ष हो। १.२१ करोड महिलालाई पैसा दिनु भनेको उसको परिवारमा रहेका ३ जनालाई असर पार्छ। यसको अर्थ यो रकमले ३.६३ करोडलाई प्रभावित बनायो।’

बिहारमा कुल भोटर ७.४५ करोड छन्। जसमा महिला भोटर ३.५१ करोड तथा पुरुष भोटर ३.९३ करोड रहेका छन्। जसमा नीतीशले लक्षित गरेको ‘जीविका दीदी’ भोटरको संख्या १.३४ करोड रहेको छ। अर्थात ४० प्रतिशत महिला भोटर यो योजनाको प्रत्यक्ष लाभान्वित वर्गमा परे।

सन् २०२० मा एनडीएलाई २.०८ करोड महिलाले भोट दिएका थिए। झनै यो योजनाले एनडीएलाई सर्वाधिक फाइदा पुग्यो। त्यस्तै ‘आशा वर्कर’का नाममा तल्लो वर्गका मजदुरलाई दिंदै आएको १ हजार तलब बढाएर नीतीश सरकारले ३ हजार पुर्यायो। ममता कार्यकर्ता (मातृशिशु) का रुपमा परिचालित भएका महिलाले हरेक डेलिभरी मार्फत पाउने ३ सय रुपैयाँलाई बढाएर ६ सय बनाइयो। बिहारमा १ लाख आशा वर्कर ५ हजार आशा फ्यासिलेटर र ५ हजार भन्दा बढी ‘ममता कार्यकर्ता’ रहँदै आएका छन्।

यो योजना प्रभावकारी भएपछि महागठबन्धनबाट मुख्यमन्त्रीका उम्मेद्वार रहेका तेजस्वी यादवले चुनावको दुई दिनअघि आफ्नो सरकार बनेमा हरेक वर्षको १४ जनवरीमा प्रत्येक महिलालाई ३० हजार दिने घोषणा गरेका थिए। तर उनको यो घोषणा प्रभावकारी हुन सकेन्।

**लोअर मिडल क्लासलाई १ सय २५ युनिट बिजुली फ्रि**

बिहारमा एक जुलाई बाट घरेलु प्रयोजनमा १ सय २५ युनिट बिजुली फ्रि गरिएको थियो। मुख्यमन्त्री नीतीश कुमारले चुनावी प्रयोजनलाईनै ध्यानमा राखेर उनले यो योजना ल्याए। जसले १.६७ करोड परिवारलाई प्रत्यक्ष फाइदा पुग्यो। यो योजनामा ३३७६ करोड खर्च भयो।

१ अगस्ट २०२५ देखी बिहारमा १.६७ करोड परिवारलाई



१२५ युनिट बिजुली फ्रि मिल्यो। जसमा १.२५ करोड ग्रामीण तथा ४७ लाख शहरी क्षेत्रका परिवार थिए। यसलाई आधार मान्दा १ घरमा ३ भोटर हुँदा करिब ५ करोड भोटरलाई प्रत्यक्ष रुपम यो योजनाले प्रभावित बनायो।

**वृद्धवृद्धाको पेन्सनमा भारी वृद्धि**

वृद्धवृद्धालाई पेन्सनका रुपमा दिंइदै आएको ४ सय रुपैयाँ बढाएर ११ सय बनाइयो। जसले १.११ करोडलाई प्रत्यक्ष फाइदा भयो। नीतीश सरकारले यो योजनाका लागि १२२७ करोड खर्चियो।

यसको जवाफमा महागठबन्धनले १५०० पेन्सन दिने बाचा गरेको थियो। त्यस्तै अपाङ्गता भएका व्यक्तिलाई महिनाको ३ हजार दिने घोषणा गरेको थियो। तर यसको असर देखिएन।

**युवा तथा नयाँ भोटरलाई ग्रेजुएसन बेरोजगारी भत्ता**

३० सेप्टेम्बर २०२५ मा मुख्यमन्त्री नीतीश कुमारले सामाजिक सञ्जाल मार्फत ग्रेजुएट गरेका २० देखी २५ वर्ष उमेरका युवालाई प्रतिमहिना १ हजार बेरोजगार भत्ता दिने घोषणा गरे।

यो भत्ता दुइ वर्षसम्म दिने बताए। यो योजनाबाट ७.६ लाख युवा लाभान्वित भए। यसबाट सरकारले हरेक महिना ७६ करोड खर्च गर्ने छ। यो योजना २०३० सम्ममा १ करोड युवालाई सरकारी नोकरी दिने घोषणा गरे।

**विद्यार्थीलाई क्रेडिट कार्डमा ब्याज माफ**

सरकारले क्रेडिट कार्ड योजना अन्तर्गत दिने लोनमा ब्याज फ्रि गर्ने घोषणा गर्यो। २ लाख रुपैयाँसम्मको लोन तिर्ने समय पनि ५ वर्षबाट बढाएर ७ वर्ष पुर्यायो। त्यो भन्दा बढी लोन लिनेले पनि ७ वर्षबाट बढाएर १० वर्ष पुर्याइयो। यसको फाइदा ४ लाख युवाहरुलाई प्रत्यक्ष रुपमा भयो।

**जातीय समीकरण**

एनडीएले चुनावमा टिकट बाँड्दा जातीय समीकरणलाई खुब ध्यान दियो। गठबन्धनमा सहभागी ५ पार्टीले उच्च जातीका रुपमा रहेका ८५ जनाले टिकट पाउँदा ३९ दलित, ३७ कुर्मी(कोइरी, २९ अत्यधिक पिछडा, २७ वैश्य, १९ यादव ५ मुस्लिम र २ आदिवासीलाई समुदायका रुपमा क्यान्डिडेट उतारे। २०२० मा एनडीएबाट टाढा रहेका चिराग पासवान र उपेन्द्र कुशवाहलाई गठबन्धनमा ल्याउन सफल भयो एनडीए। जहाँ राम माझी पहिलेदखि नै थियो। जसले दलित, अति पिछडा र कुशवाहको भोट एनडीएमा एकत्रित गरेको मानिन्छ।

बिहारमा पासवान कम्युनिटीको जनसंख्या ५.३२ प्रतिशत मानिन्छ। यो समुदाय बिहारका सबै जिल्लामा रहेका छन्। जसले ५० सिट प्रभावित गर्छ। उनीहरुमध्ये धेरैले चिराग पासवानलाई आफ्नो नेता मान्ने गर्छन्। त्यही भएर उनको पार्टीले १९ सिट प्राप्त गर्यो। उनी जता जान्छन् पासवानको भोट त्यतै जाने मानिन्छ। एजेन्सी

# सेनाको स्वास्थ्य शिविरबाट दुई सय लाभान्वित



**म्याग्दी।**
नेपाली सेनाको गुरु गोरख गुल्म अर्थुङ्गे ब्यारेकको आयोजनामा शुक्रबार म्याग्दीको धवलागिरी गाउँपालिका–७ ताकममा सम्पन्न भएको स्वास्थ्य शिविरमा करिब २ सय लाभान्वित भएका छन्।

धवलागिरी र मालिका गाउँपालिकामा निर्माणाधिन ५३ दशमलब पाँच मेगावाट क्षमताको अपर म्याग्दी–१ जलविद्युत आयोजनाको प्रर्वद्धक अपर म्याग्दी हाइड्रोपावरको सहयोगमा शिविर सञ्चालन भएको हो। शिविरमा १ सय १३ जना महिला र ७१ जना पुरुष गरी १ सय ८४ जना लाभान्वित भएका गुरु गोरख गुल्मका गुल्मपति रामभोला खड्काले बताए।

नेपाली सेनाको श्री नं २३ फिल्ड एम्बुलेन्स गुल्म बागलुङका प्राविधिक सहसेनानी डा असिम भण्डारी, प्रादेशिक अस्पताल बेनीका डा सागरबाबु ढकाल, गुरु गोरख गुल्म र ताकम स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण, परामर्श र निःशुल्क औषधि वितरणसम्बन्धी सेवा दिएका थिए।

दाँत, आँखा, कान, जनरल चेकजाँच तथा अन्य सेवा प्रदान गरिएको थियो। ताकम, धारापानी, हिलापोखरी, काफलडाडा, शिवाङ, मच्छिम, काफलडाडाका बासिन्दाले सेवा लिएका थिए। म्याग्दीको जिल्ला सदरमुकाम बेनी बजारदेखि ४५ किलोमिटर पश्चिममा रहेको ताकम घना बस्ती भएको वडा हो।

सामाजिक उत्तरदायित्वका कार्यक्रम अन्तर्गत आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई लक्षित गरेर स्वाथ्य शिविर सञ्चालनका लागि नेपाली सेनालाई सहयोग गरेको अपर म्याग्दी हाइड्रोपावरका वरिष्ठ सामाजिक सुरक्षा प्रबन्धक सुरेश घलेले बताए । उनले आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइने जानकारी समेत दिए।रासस

# घरमै बनाएको खाना खान चिकित्सकको सुझाव

**कास्की।**
विश्व मधुमेह दिवस(नोभेम्बर १४) का अवसरमा शुक्रबार पोखरामा निःशुल्क स्वास्थ्य परीक्षण तथा सचेतना कार्यक्रम गरिएको छ । पोखरा महानगरपालिका–५स्थित सूर्यचन्द्र विकास समाजले युनाइडेट रेफरेन्स ल्याबोरेटरी (युआरएल)को प्राविधिक सहयोगमा निःशुल्क रक्त परीक्षण तथा सचेतना कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा २ सय ५ जनाको निःशुल्क मधुमेह तथा युरिकसम्बन्धी रक्त जाँच गरिएको थियो । शिविरमा सहभागीलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका वरिष्ठ फिजिसियन डा कृष्णराज अधिकारीले मधुमेह रोग लाग्नुका कारण, पूर्वसावधानीका उपाय र उपचार प्रक्रियाबारे जानकारी दिए। उनले सबैले मधुमेह हुनै नदिनेतर्फ लाग्न आग्रह गरे ।‘सकेसम्म घरकै खाना खानुस्, कामका अनुपातमा खानुस् । अनावश्यक तनाव हुने काम नगर्नुस्, खानपान र जीवनशैली सुर्धानोस्, बेलाबेलामा जाँच गराउनुस्,’ डा अधिकारीले भने।

मधुमेहका कारण अनेक समस्या आउने उल्लेख गर्दै उनले अहिले मिर्गोला डायलाइसिस गराइरहेकामध्ये ७० प्रतिशत जति मधुमेह हुँदा हेलचेक्र्याई गर्ने भएको सुनाए । मधुमेह समाज र राष्ट्रकै लागि बोझ बनेको जनाउँदै डा अधिकारीले अब समाज, राष्ट्र, स्वास्थ्यकर्मी र आममानिसको एकीकृत प्रयासले मात्र यसको प्रभाव कम गर्न सकिने विचार राखे। मधुमेहले तत्काल असर गरेको नदेखिए पनि हेलचेक्र्याई गरे दीर्घकालसम्म अनेक असर हुने उल्लेख गरे।

‘मधुमेह लागेपछि पनि हेलचेक्र्याई गर्दा पाँच वर्षसम्म केही असर नदेखिन सक्छ । त्यसपछि मिर्गौलामा असर, थकान, तीर्खा लाग्ने हुन सक्छ । पाँचदेखि १० वर्षसम्म आँखामा असर हुन सक्छ, रोग प्रतिरोधि शक्ति कम हुन्छ । १० वर्षसम्म पनि उपचार नगरे शरीरका सबै अङ्गमा असर गर्न थाल्छ।’ अधिकारीले भने।

कार्यक्रममा पोखरा–५ का वडाध्यक्ष विष्णुप्रसाद बरालले नागरिकको स्वास्थ सरकारको मुख्य सरोकार भएको बताए। वडाध्यक्ष बरालले जनस्तरबाट हुने यस खालका सचेतना र शिविरले सरकारको लक्ष्य प्राप्त गर्न सघाउने उल्लेख गरे।

युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्थले सर्वसाधारणलाई स्वास्थ्य सचेतना, निःशुल्क जाँचसँगै पोखरामा विश्वस्तरको गुणस्तरको सेवा प्रदान गर्न लागिपरेको बताए।

युआरएल गण्डकी प्रदेशकै पहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त रेफरेन्स ल्याब हो । पोखराभित्र सात ठाउँबाट सेवा दिइरहेको युआरएलले मुख्य कार्यालयसहित गण्डकी प्रदेशका १८ स्थानबाट सेवा प्रदान गरिरहेको छ। विभिन्न सङ्घसंस्थासँग सहकार्य र आफैँसमेतले शिविर आयोजना गर्दै आएकोमा शुक्रबारको शिविर २११ औँ रहेको अध्यक्ष पन्थको भनाइ छ।रासस

# प्रकृति र संस्कृतिको संगम गाभर भ्याली होमस्टे

**बाँके।**
बाँकेको बैजनाथ गाउँपालिकामा अवस्थित गाभर भ्याली सामुदायिक घरवास (होमस्टे) यतिबेला आन्तरिक पर्यटकको चापले गुल्जार छ । दसैंतिहारजस्ता मुख्य चाडपर्व सकिएसँगै यहाँ पर्यटकको चहलपहल दैनिक रूपमा बढिरहेको छ।

गाभर भ्याली सामुदायिक घरवासका अध्यक्ष कृष्णलाल चौधरीका अनुसार, वर्षायाममा सुनसान हुने गरेको होमस्टेमा अहिले पाहुनाको आगमन बढेको छ । पर्यटक विशेषगरी पदमार्ग र जङ्गल सफारीप्रति आकर्षित भएका छन् । बाँके, बर्दिया मात्र नभई कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका अन्य जिल्लाबाट समेत ठूलो संख्यामा पर्यटक यहाँ घुम्न आइरहेका छन्।

छोटो समयमै पर्यटकीय क्षेत्रको पहिचान बनाउन सफल गाभर भ्याली बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्दछ । यहाँ आउने आन्तरिक पर्यटक पछिल्लो समय निकुञ्जभित्र जङ्गल सफारी गर्न रुचाउँछन् । बाघ, हात्ती र चितुवालगायतका वन्यजन्तु हेर्ने र प्रकृतिको आनन्द लिने अवसरका कारण यो क्षेत्रको महत्व बढेको अध्यक्ष चौधरीको भनाइ छ।

थारु र मुगाली समुदायद्वारा सञ्चालित गाभर भ्याली घरबासमा अहिले दैनिक करिब ५ सय आन्तरिक पर्यटक पुग्ने गरेका छन् । यहाँ केवल परम्परागत घरवास मात्र नभई ठूलो लगानीका आरामदायी होटलसमेत थपिएका छन्, जसले पाहुनालाई पूर्वाधारयुक्त सेवा प्रदान गरिरहेका छन्।

अध्यक्ष चौधरीका अनुसार, गाभर भ्याली होमस्टेले जीविकोपार्जनभन्दा माथि उठेर नयाँ अवधारणा अघि सारेको छ। उन भने ‘हामीले केवल जीविकोपार्जन मात्रै नभई नेपालमै पहिलोपटक आयआर्जन, संस्कृतिको प्रवद्र्धन, प्रकृतिको संरक्षण र बाघ पर्यटनको अवधारणा अघि सारेका छौँ। गाभर भ्याली होमस्टे आन्तरिक पर्यटन प्रवद्र्धनको अगुवा र पर्यटन उद्योगमा नयाँ आयामको शुरुवात गर्ने स्थल हो ।’ अध्यक्ष चौधरीका अनुसार, पुराना घरवासलाई पूर्वाधारयुक्त बनाइएको छ भने ठूलो लगानीका होटल पनि थपिएका छन्। २०७० सालमा शुरु भएको गाभर भ्याली सामुदायिक घरवास अहिले नेपालकै नमूना घरवासका रूपमा चिनिन्छ । बाँकेमा सञ्चालित घरवास जीविकोपार्जन मात्रै नभई आयआर्जनको माध्यम बनेको छ । गाभर भ्याली घरवासमा शुरुका दिनमा २०/३० हजार रुपैयाँबाट व्यवसाय शुरु गरिएपनि अहिले २० लाख रुपैयाँ देखि ५० लाख रुपैयाँ सम्म लगानी गरेको अध्यक्ष चौधरीको भनाई छ । होमस्टेको स्थापनापछि गाउँलेको बोलीचाली, रहनसहनदेखि आर्थिक स्रोतसमेतमा उल्लेख्य सुधार आएको छ । बाँकेमा सञ्चालित यो होमस्टे अहिले जीविकोपार्जन मात्रै नभई दिगो आयआर्जनको बलियो माध्यम बनेको होटल व्यवसायी महासङ्घ बाँकेका अध्यक्ष भीम कँडेलले बताए।रासस

# ऋषिङमा दुई मतदान केन्द्र थप गर्ने सिफारिस

**तनहुँ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा दुई वटा मतदान केन्द्र थप गर्न स्थानीय तहबाट सिफारिस भएको छ।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिले थपघट गर्नुपर्ने भए सिफारिस गर्न आग्रह गरिएबमोजिम ऋषिङ गाउँपालिकाबाट दुई वटा मतदान केन्द्र थप गर्न सिफारिस भएर आएको हो।



प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले ऋषिङ गाउँपालिका–४ र ६ मा यसअघि एक–एक मतदान केन्द्र रहेकामा थप एक–एक मतदान केन्द्र थप्न सिफारिस भएर जिल्लामा आएको जानकारी दिए । उनले भने, ‘भूगोल ठूलो भएकाले मतदान केन्द्रसम्म पुग्नै दुई घण्टाभन्दा बढी लाग्ने देखिएको छ । सहज रूपमा मतदान गर्ने व्यवस्था मिलाउन पालिकाबाट थपका लागि सिफारिस भएर आएको छ।’

आइतबार बस्ने समितिको बैठकले जिल्लाका मतदान केन्द्र र मतदानस्थलका बारेमा निर्णय गर्ने प्रजिअ अधिकारीले बताए। उनले भने, ‘निर्वाचन आयोगले कात्तिक ३० गतेभित्र निर्णय गराएर पठाउन निर्देशन दिएको छ, सोही बमोजिम तयारी गरेका छौँ ।’ऋषिङ गाउँपालिकाबाट थप गर्न माग गरिएका मतदान केन्द्रको जिल्ला सुरक्षा समितिको टोलीले स्थलगत अनुगमन गरेको छ। तनहुँका दुई वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमा ३०५ मतदान केन्द्र रहेका छन् । २०८२ असोज ८ गतेसम्म जिल्लामा दुई लाख ४७ हजार चार जना मतदाता रहेका छन्। त्यसमध्ये पुरुषको संख्या एक लाख १९ हजार ८९ जना र महिलाको संख्या एक लाख २७ हजार ९ सय १५ छ । कात्तिक ३० गतेसम्म नयाँ मतदाता नामावली दर्ता गर्ने समय रहेकामा हाल जिल्ला निर्वाचन कार्यालय तनहुँमा मतदाता नामावली दर्ता गर्नेको घुइँचो लागेको निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिए।रासस

# समस्याग्रस्त सडकमा काम सम्पन्न गर्ने चुनौती

**तनहुँ।**
तनहुँका तीन ठूला सडक आयोजना निर्माण शुरु भएको लामो समय भएपनि सम्पन्न गर्न नसक्दा चुनौती थपिएको छ । गण्डकी प्रदेश सरकारको बजेटमा निर्माण शुरु गरिएका यहाँका तीन सडकलाई समस्याग्रस्त आयोजनामा राखिएको छ।

भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयको बजेटबाट शुरु गरिएका जिल्लाका तीन सडकलाई पूर्वाधार विकास कार्यालय तनहुँले समस्याग्रस्त आयोजनाका रूपमा राखेको कार्यालय प्रमुख रवीन्द्र तिवारीले जानकारी दिए।

तिवारीका अनुसार आँबुखैरेनी छिम्केश्वरी सडक, दुलेगौडा हर्कपुर सडक र भानुमार्ग चन्द्रावती पिलिगार्ग, कुन्छा कालीमाटी सडकलाई समस्याग्रस्त आयोजनाका रूपमा राखिएको जानकारी दिँदै उक्त सडक सम्पन्न हुन नसक्दा समस्या भएको उल्लेख गरे। उनले भने, ‘लामो समयदेखि निर्माण शुरु भएर पनि समयमै काम सम्पन्न हुन नसकेका यी आयोजनामा काम सम्पन्न गराउन खबरदारी गर्दै आएका छौँ।’

आँबुखैरेनी छिम्केश्वरी सडक (पहिलो खण्ड) कालोपत्रका लागि विसं २०७६ मङ्सिर ६ गते सम्झौता भएको थियो । विसं २०७८ फागुन १३ गतेसम्म सम्पन्न गर्नुपर्ने म्याद भए पनि पटक–पटक म्याद थप गरिएको कार्यालयले जनाएको छ । उक्त सडकको अन्तिम विसं २०८२ असोजसम्म थियो।

प्रमुख तिवारीका अनुसार सडकको भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ८९ प्रतिशत भएको छ । सडकका लागि ३६ करोड पाँच लाख ५० हजार पाँच सय १५ रुपैयाँमा एमएस शर्मा काष्ठमण्डप जेभी बल्खुसँग सम्झौता भएको थियो।

१६ किलोमिटर लम्बाइ उक्त सडकका लागि ३१ करोड ९२ लाख ९७ हजार चार सय ४२ रुपैयाँ भुक्तानी भइसकेको छ। गत आर्थिक वर्षमा उक्त सडकका लागि तीन करोड ५० लाख रुपैयाँ बजेट विनियोजन भएको थियो।

भानुमार्ग चन्द्रावती पिलिमार्ग कुन्छा कालिमाटी सडक निर्माणका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । सम्झौता अनुसार विसं २०७८ माघ १५ गते सम्पन्न गर्नुपर्ने थियो । तर खण्डमा पनि पटकपटक म्याद थप गरिएको छ। हाल सडकको म्याद विसं २०८२ चैतसम्म थप भएको छ।

१० दशमलब १२ किलोमिटर उक्त खण्डमा हालसम्म ५० प्रतिशत भौतिक र ५० प्रतिशत वित्तीय प्रगति भएको छ। २३ करोड दुई लाख ८० हजार ६ सय ६१ रुपैयाँ को लागतमा एमएस शङ्करमालि निर्माण सेवासँग सम्झौता भएकामा दश करोड ११ लाख एक हजार सात सय ५० रुपैयाँ भुक्तानी भएको छ । गत आर्थिक वर्षमा सडकका लागि तीन करोड ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको थियो।

यस्तै एमएस शङ्करमाली निर्माण सेवाले नै ठेक्का पाएको दुलेगौडा हर्कपुर सडकको काम पनि अलपत्र छ। सडक स्तरोन्नतिका लागि विसं २०७६ कात्तिक ४ गते सम्झौता भएको थियो । विसं २०७८ माघ १५ मा सकिनुपर्नेमा उक्त खण्डको म्याद पनि पटक पटक भप भएको छ। हाल विसं २०८२ चैत प्रस्ताव गरिएको पूर्वाधारा विकास कार्यालयले जनाएको छ।

उक्त सडकमा ५० प्रतिशत भौतिक र ५० प्रतिशत वित्तीय प्रगति भएको छ। हालसम्म १३ करोड चार लाख ११ हजार सात सय ५३ रुपैयाँ भुक्तानी भएको छ। गत आर्थिक वर्षमा उक्त सडकका लागि दुई करोड रुपैयाँबजेट विनियोजन भएको थियो।

१० दशमलब १८ किलोमिटर सडक स्तरोन्नतिका लागि २५ करोड ९९ लाख दुई हजार आठ सय ९५ रुपैयाँमा सम्झौता भएको थियो । शुक्लागण्डकी नगरपालिका, म्याग्दे गाउँपालिका हुँदै व्यास नगरपालिकासँग जोडिने उक्त खण्डको दूरी २३ किलोमिटर छ। रासस

# राउते खोलामा पक्की पुल निर्माणले नागरिकलाई सहज

**भोजपुर।**
जिल्लाका पश्चिमी क्षेत्रका स्थानीयवासीको मुख्य समस्याका रूपमा रहेको राउते खोलामा पक्की पुल बनेपछि सहजता भएको छ। पक्की पुल नहुँदा जोखिमपूर्ण यात्रा गर्दै आएका स्थानीय अहिले सहज रूपमा आवतजावत गर्न थालेका छन्।

राउते खोलामा पक्की पुल निर्माणपछि छिमेकी जिल्ला खोटाङसँगको आवतजावत पनि सहज भएको वडाध्यक्ष नभराज माङ्गपाहाङ्गले बताए । राउते खोलामा पुल बनेपछि स्थानीयको दैनिकीमा थप सहजता आएको उनको भनाइ छ।

‘राउते खोलामा पक्की पुल नहुँदा यहाँका नागरिकले धेरै सास्ती भोग्दै आएका थिए,’ उनले भने, ‘अब यो खोलामा पक्की पुल बनेर सञ्चालनमा आएको छ । यसले यहाँको जनजीवनमा सहजता थपेको छ । यो पुलले छिमेकी जिल्लाका खोटाङका नागरिकलाइसमेत राहत पु¥याएको छ।’

राउते खोला पुलले साविक वडा नं ७ राउते र साविक वडा नं ५ लेखर्कलाई जोडेको छ । यो खोलामा खोलामा कोशी प्रदेश सरकारको बजेटमा पूर्वाधार विकास कार्यालय भोजपुरले तीन करोड ५७ लाख रुपैयाँ लागतमा पुल निर्माण गरी सञ्चालनमा ल्याएको हो।

पूर्वाधार विकास कार्यालय भोजपुरका प्रमुख राजनराज रेड्डीका अनुसार, एक स्पानमा निर्माण भएको यो पुलको कुल लम्बाइ १६ मिटर २० सेन्टिमिटर रहेको छ। पुल सञ्चालनमा आएपछि स्थानीयको वर्षौंदेखिका समस्या हटेको उनको भनाइ छ।

बाढी आउने समयमा खोलामा नै बास बस्नुपर्ने बाध्यता रहेकोमा अहिले पक्की पुल बनेपछि यातायात सञ्चालन सहज भएको सवारी चालक मिलन तामाङले बताए।रासस

# सुक्खायाम शुरुसँगै आगलागीका घटनामा वृद्धि

**काठमाडौँ।**
सुक्खायाम शुरु भएसँगै देशव्यापी रूपमा आगलागीका घटनामा वृद्धि भएको पाइएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, यही कात्तिक २७ गते बिहानदेखि २८ गते बिहान १० बजेसम्म मात्रै देशभर सात स्थानमा आगलागीको घटना भएको छ । प्राधिकरणका अनुसार, मोरङ, सुनसरी, उदयपुर, भक्तपुर, रोल्पा, सुर्खेत, कैलालीमा आगलागीका कारण ठूलो मात्रामा भौतिक सम्पत्तिको क्षति भएको छ ।प्राधिकरणको विवरणअनुसार कात्तिक २७ गते देशभर, १६ स्थानमा आगलागीका घटना भएका छन् । त्यसदिन बारा र रुपन्देहीका दुई स्थानमा आगलागीको घटना भएको थियो।

त्यस्तै, पाँचथर, झापा, मोरङ, उदयपुर, धनुषा, रौतहट, भक्तपुर, रसुवा, कास्की, स्याङजा, बाग्लुङ र हुम्लामा भएको आगलागीका कारण भौतिक सम्पत्ति जलेर नष्ट भएको छ।

प्राधिकरणका अनुसार, कात्तिक २६ गते देशभर ११ स्थानमा आगलागीका घटना भए । कात्तिक २५ गते आठ स्थानमा, कात्तिक २४ गते देशभर नौ स्थानमा आगलागीका घटना भएका थिए । जनचेतना र असावधानीका कारण आगलागीका घटना भएको भन्दै प्राधिकरणले सबैलाई सचेत गराएको छ ।यस्तै, शुक्रबार मात्रै ताप्लेजुङमा लेक लागेर तीन जना बिरामी परेका छन् । कञ्चनजङ्घा आधार शिविर जानेक्रममा स्थानीय खामाचेन भन्ने स्थानमा दुई जापानी नागरिक लेक लागेर बिरामी परेका छन्। त्यस्तै, कञ्चनजङ्घा आधार शिविरबाट फर्कने क्रममा एक अमेरिकी नागरिकसमेतलाई लेक लागेको छ । मोरङ, सिन्धुपाल्चोक, म्याग्दी र बर्दियामा जनावर आक्रमणका कारण तीन जना घाइते भएका छन्। रासस

# एमालेबीचको जग्गा विवादमा वडाध्यक्षमाथि गोली दागियो




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा, मिथिला बिहारी नगरपालिका–९ का वडाध्यक्ष विन्देश्वर यादवको हत्या जग्गा विवादका कारण भएको प्रहरीले जनाएको छ।

नेकपा एमालेको वडा कमिटी अध्यक्ष रहेका धर्मनाथ यादव र वडाध्यक्ष यादवबीच जग्गाका विषयमा शुक्रबार साँझ विवाद भएको थियो। मृतक वडाध्यक्ष यादव २०७४ मा जसपाका तर्फबाट र २०७९ मा स्वतन्त्र उम्मेदवार भई निर्वाचित भएका थिए। निर्वाचित भएको केही समयपछि एमालेमा प्रवेश गरेका थिए। एकै पार्टीमा र घर पनि सँगै रहे पनि जग्गा विवादका कारण उनीहरुबीच सम्बन्ध राम्रो थिएन।

जिल्ला प्रहरी प्रमुख एसपी रुगमबहादुर कुँवरका अनुसार स्थानीय दुःखी यादवको मृत्यु संस्कारअन्तर्गत १० दिनको प्रसाद ग्रहण गर्ने कार्यक्रममा आपसी झैझगडा भएको थियो। त्यसक्रममा झगडियामध्येका एकजनामाथि कुटपिट हुँदा झगडा अरु चर्किएको थियो । त्यसक्रममा एमाले वडा कमिटीका अध्यक्ष यादव पक्षले गाउँबाट अन्य व्यक्ति जम्मा पारेर वडाध्यक्ष यादवमाथि सांघातिक आक्रमण गरेका थिए। त्यसक्रममा लठ्ठी, भाँडाकुँडा हुँदै होममेड कट्वा पेस्तोलले वडाध्यक्षको छातीमा प्रहार गरिएको थियो। गोली प्रहार गर्ने नेपाल प्रहरीका सहायक हबल्दार शम्भु यादव हुन् । उनी जिल्ला प्रहरी कार्यालय, सप्तरीमा कार्यरत रही पाँच दिनको घर बिदामा त्यहाँ पुगेका थिए।

एमाले वडा कमिटी अध्यक्षको जग्गा विवाद अदालतमा विचाराधीन छ। मुद्दा विचाराधीन भएकै अवस्थामा सरकारी जमिन ओगटेर बाटो खोलिएको र मुद्दा विचाराधीन रहेको जग्गामा वडाध्यक्ष यादवले घर निर्माण गर्न अनुमति दिएको विषयमा विवाद भएको थियो। गोली प्रहारका कारण वडाध्यक्ष यादवको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। त्यहाँबाट पेस्तोल र त्यसमा प्रयोग हुने गोली बरामद भएको छ। गोली प्रहार गर्ने सहायक हबल्दार यादव जिल्ला प्रहरी कार्यालय, धनुषाको हिरासतमा छन्।

# सभामुख र मुख्यमन्त्रीविरुद्ध मधेशभर सात दलको जुलुस



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव र सभामुख रामचन्द्र मण्डलको बर्खास्तीको माग गर्दै सातदलले प्रदर्शन गरेको छ ।

नेपाली कांग्रेस, जनता समाजवादी पार्टी(जसपा) नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा), नेकपा माओवादी, नेकपा एकीकृत समाजवादी पार्टी(एस) र नागरिक उन्मुक्ति पार्टी(नाउपा) ले निर्धारित कार्यक्रमअनुसार संयुक्त रुपमा शनिबार पनि प्रदर्शन गरेको हो । गैरसंवैधानिक रुपमा नेपालको संविधानको धारा १६८(३) अनुसार रुपमा तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेकपा एमालेका मधेश प्रदेशका संसदीय दलका नेता सरोज कुमार यादवलाई गत सोमबार बिहान मुख्यमन्त्रीको रुपमा शपथ खुवाएका थिए । त्यस यता सात दल निरन्तर विरोधका कार्यक्रम गरिरहेका छन् ।

त्यस्तै ६४ जना प्रदेश सदस्यको हस्ताक्षर लिएर सभामुख रामचन्द्र मण्डलमाथि पद अनुकूलको आचरण नगरेको अभियोगको प्रस्ताव दर्ता गर्न मधेश प्रदेश सभा पुग्दा उनीहरुमाथि सभामुख मण्डलले स्वयम्ले नै हातपात गरेका थिए ।

मुख्यमन्त्री नियुक्तिका विषयमा बिच्किएका सात दल सभामुखले गतिविधिपछि झन आक्रमक बन्दै गएको छ । त्यस यता मोर्चाले लगतार मुख्यमन्त्री र सभामुखको बर्खास्तीका लागि दबाब बढाइरहेको छ ।

यता, मुख्यमन्त्री नियुक्तिमा संविधानको धारा १६२(२) जीवित रहँदा पनि १६८(३) को प्रयोग गरिएको भनेर सात दल त्यसविरुद्ध अन्तरिम आदेशको माग गर्दै सर्वोच्च अदालतसमेत पुगेको छ । आइतबार सर्वोच्चको फैसलाअनुसार थप रणनीतिक विरोधको कार्यक्रम गर्ने तयारी छ ।

# धनुषामा एमालेको जनसभा स्थगित

**धनुषा ।**
प्रतिनिधिसभा पुनःस्थापनाको मागसहित देशव्यापी रूपमा आयोजना गरिएको जनसभा कार्यक्रम धनुषामा आयोजित हुन सकेन ।

नेकपा एमालेले ७७ वटै जिल्लामा एकै दिन प्रदर्शन र सभा गर्ने योजना बनाए पनि धनुषामा आयोजित कार्यक्रम वडा अध्यक्ष विन्देश्वर यादवको निर्मम हत्या भएपछि स्थगित गरिएको हो ।

एमाले धनुषाका सचिव दिपन ठाकुरका अनुसार, 'मिथिला बिहारी नगरपालिका–९ का वडाध्यक्ष विन्देश्वर यादवको गोली हानी हत्या भएपछि पार्टीले धनुषाको कार्यक्रम तत्कालका लागि रोक्ने फैसला गरेको छ ।' उनले यस घटनाले पार्टीका नेता तथा कार्यकर्ता नै लक्षित भएका कारण जिल्लामा शोकाकुल वातावरण बनेको बताए ।

२०७९ सालको स्थानीय तह निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा विजयी भएका यादव पछि नेकपा एमालेमा प्रवेश गरेका थिए । गत शुक्रबार मिथिला बिहारी–९ अन्तर्गत अन्दुपट्टीमा मृत्यु संस्कारको क्रममा दुई समूहबीच झडप भएपछि गोली चल्दा यादवको मृत्यु भएको हो । उक्त घटनामा तीनजना घाइते भएका छन् । घटनापछि संलग्न दुई व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

एमाले नेतृत्वले यस क्रूर घटनाको निन्दा गर्दै दोषीलाई कडा कारबाहीको माग गरेको छ । यसबीच, मृत्युको छानबिन तथा व्यवस्थित राजनीतिक वातावरण सुनिश्चित गर्न स्थानीय प्रशासन र सुरक्षा निकायलाई जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न दलले आग्रह गरेको छ ।

# जसपा नेपालमा केही नेता थप

**मधेशदृष्टि**
**वीरगंज ।**
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), नेपालले पदाधिकारी र केन्द्रीय कार्यकारिणी समिति सदस्य थप्ने भएको छ । पार्टीको केन्द्रीय समितिको बैठकले एक उपाध्यक्ष, एक महासचिव र सात कार्यकारिणी सदस्य थप्ने निर्णय गरेको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

सात कार्यकारिणी सदस्यहरुको पदपूर्ति गर्दा मधेशी दलित १, महिला २, मुस्लिम १ र खुला ३ रहने छन् । आगामी केन्द्रीय समितिको बैठकबाट निर्वाचनद्वारा उपरोक्त पदहरुको पदपूति गरिने बस्नेतले बताए । पदाधिकारी तथा सदस्य थप गरेसँगै जसपा नेपालको पदाधिकारी २१ सदस्यीय र केन्द्रीय कार्यकारिणी समिति ४१ सदस्यीय हुनेछ । जसपा नेपालले केन्द्रीय समितिमा पाँच सदस्य थप गरेको छ ।

# सहभागी बढी देखाउन एमालेले बाँड्यो इन्धन

**मधेशदृष्टि**
**सिरहा ।**
नेकपा एमालेद्वारा सिरहा सदरमुकाममा आयोजित कार्यक्रममा सहभागीको भीड देखाउन इन्धन वितरण गरिएको पाइएको छ । प्रतिनिधिसभा पुनस्र्थापना माग गर्दै शनिबार सिरहामा एमालेद्वारा आयोजित मोटरसाइकल ¥याली तथा जागरण सभामा मान्छे उतार्न इन्धन बाँडिएको पाइएको हो ।



सिरहास्थित जयशंकर ट्रेड सेन्टरमा सवारीसाधनमा इन्धन वितरण गर्ने कामको अगुवाइ गर्दै भेटिएका एमाले कार्यकर्ताले प्रतिमोटरसाइकल तीन लिटर पेट्रोल वितरण गरिएको बताए । गाउँगाउँबाट मान्छे बोकेर आएका ठूला सवारीसाधनलाई भने १० देखि १५ लिटरसम्म डिजेल तथा पेट्रोल वितरण गरिएको थियो । यहाँ मात्र नभई जिल्लाका अन्य पायक पर्ने विभिन्न पेट्रोल पम्पबाट समेत इन्धन वितरण गरिएको थियो । यस कार्यक्रममा सिरहा जिल्लाका १७ वटै स्थानीय तहबाट करिब ८ हजार मोटरसाइकल र १५ हजारभन्दा बढी मान्छे सहभागी भएको एमालेका मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको दाबी छ ।

प्रदेश अध्यक्ष मण्डलले इन्धन सरकारी रकमबाट नबाँडिएको र पार्टीले कार्यकर्ताबाटै सहयोग उठाएर इन्धन वितरण गरेको बताए ।

# घरायसी विवादमा श्रीमतीको हत्या, श्रीमान् गिरफ्तार

**महोत्तरी ।**
महोत्तरीको औरही नगरपालिका–६ वैरियामा शनिबार घरेलु विवादका क्रममा एक महिलाको ज्यान गएको छ । श्रीमतीको हत्या गरेको आरोपमा ३० वर्षीय मनोज चौधरीलाई प्रहरीले पक्राउ गरेको हो ।

चौधरीले २६ वर्षीया पत्नी कवितालाई कैँची प्रहार गरी घाइते बनाएको प्रहरीले जनाएको छ। गम्भीर घाइते कवितालाई तुरुन्तै रामगोपालपुर–९ स्थित जानकी एकेडेमी अस्पताल लगिएको थियो । तर, अस्पताल पुगेपछि चिकित्सकले उनलाई मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जानकारी दिएको छ ।

घटनापछि प्रहरीले मनोज चौधरीलाई घटनास्थलबाटै नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय गौशालामा राखेको जनाएको छ। प्रहरीले यस घटनामा थप अनुसन्धान भइरहेको र आवश्यक कानुनी प्रक्रिया अघि बढाइने जनाएको छ ।

# करेन्ट लागेर कामदारको मृत्यु

**महोत्तरी ।**
विद्युत् बिस्तारको काम गरिरहेका कामदारको करेन्ट लागेर मृत्यु भएको छ । गौशाला नगरपालिका–९ र १० को भरतपुर र बट्टुवा बस्तीमा काम गरी रहेका जिल्लाकै सोनमा–३ गोबरैयाका २८ वर्षीय जयकुमार यादवको प्रादेशिक अस्पताल जनकपुरधाममा मृत्यु भएको परिवारजनले बताएका छन् ।

निर्माण कम्पनी टाटा सप्लाईको विद्युत् बिस्तारमा ज्यालादारी कामदार रहेका यादवको विद्युत् लाइन काटिएको सूचनाका आधारमा शुक्रबार तार तान्दै गर्दा विद्युतीय झट्का (करेन्ट) लागेको थियो । उनलाई तत्काल प्राथमिक स्वास्थ्य केन्द्र गौशाला पु¥याइएकामा उपचार सम्भव नभएपछि जनकपुर प्रादेशिक अस्पताल लगिएको र चिकित्सकले मृत घोषणा गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले मृतकका परिवारले विद्युत् प्राधिकरण कार्यालय गौशाला र टाटा सप्लाईको बर्दिबासस्थित कार्यालयले उचित क्षतिपूर्ति दिने लिखित प्रतिबद्धता गरेपछि मात्र अन्तिम संस्कार गर्ने बताएकाले क्षतिपूर्तिको व्यवस्थाका लागि पहल थालिएको बताए ।

# जागृत युवा क्लबलाई उपाधि

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जगरनाथपुर गाउँपालिकामा आयोजित चौथो अध्यक्ष कप–२०८२ को उपाधि जागृत युवा क्लबले जितेको छ । शनिबार सम्पन्न प्रतियोगिताको फाइनल खेलमा जगरनाथपुर गाउँपालिका–६ को क्रिकेट टिमलाई पराजित गर्दै जागृत युवा क्लब विजयी बनेको हो ।




शुरुमा ब्याटिङ गरेको वडा नं. ६ को टोलीले १८ ओभर ५ बलमा सबै विकेट गुमाउँदै १ सय १ रनको योगफल बनाएको थियो । १ सय २ रनको लक्ष्य पछ्याउँदै मैदानमा उत्रिएको जागृत युवा क्लबले १३ ओभर ५ बलमै ४ विकेटको क्षतिमा लक्ष्य पूरा गर्दै उपाधि आफ्नो नाममा दर्ता गरायो ।

विजेता बनेको जागृत युवा क्लबलाई गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले ५१ हजार रुपैयाँको चेक तथा ट्रफी प्रदान गरे ।

यस्तै उपविजेता वडा नं. ६ लाई उपाध्यक्ष बिबिता सिंह क्षेत्री र प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवले २५ हजार रुपैयाँको चेक तथा ट्रफी प्रदान गरे । फाइनल खेलको म्यान अफ द म्याच जागृत युवा क्लबका अनिल महरा घोषित भए । बेस्ट ब्याट्सम्यान क्लबका सुजित पटेल, बेस्ट फिल्डर वडा नं. ६ का सन्दिप पटेल, बेस्ट बलर १९ विकेट लिएका वडा नं. २ का सहजाद देवान तथा म्यान अफ द सिरिज वडा नं. २ कै दिपु राउत बने ।

गाउँपालिका अध्यक्ष यादवको अध्यक्षतामा तथा वीरगंज महानगरपालिका उपमेयर इम्तियाज आलमको प्रमुख आतिथ्यतामा भएको फाइनल खेलमा जगरनाथपुर–५ का वडाध्यक्ष बिहारी महतो नुनिया, वडा नं. ६ का वडाध्यक्ष अयोध्या प्रसाद कुर्मी, कृषि शाखा प्रमुख दया चौहानलगायतको उपस्थिति थियो । कार्यक्रम सञ्चालन शिक्षक रूपनारायण प्रसाद साहले गरेका थिए ।

मधुवाहा क्रिकेट मैदानमा आयोजित फाइनल खेलमा विभिन्न व्यक्ति तथा संस्थाले अतिरिक्त पुरस्कारको घोषणा गरेका थिए र ती पुरस्कारसमेत खेलाडीलाई वितरण गरिएको थियो । फाइन खेला हेर्न स्थानीयको उत्साहजन उपस्थिति थिए ।

# ब्राउन सुगरसहित दुई महिला पक्राउ

**राहुल गुप्ता**
**बारा ।**
जीतपुर सिमरा उपमहानगरपालिका–६ लल्का पुल नजिक प्रहरीले विशेष सूचनाको आधारमा दुई महिलालाई लागुऔषधसहित पक्राउ गरेको छ । शनिबार करिब ३:४० बजे इलाका प्रहरी कार्यालय सिमरा, बाराबाट खटिएको प्रहरी टोलीले वीरगंजबाट पथलैया पैदल आइरहेका दुई जनालाई रोकेर चेकजाँच गर्दा ब्राउन सुगरजस्तो देखिने खैरो धुलो पदार्थ फेला पारेको हो ।



चेकजाँचक्रममा पर्सा, पटेर्वा सुगौली गाउँपालिका–६ की ३५ वर्षीया सुशीला देवीको साथबाट ७ पुरियामा ४४.४०० ग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ । उनीसँगै रहेकी ३० वर्षीया पूजा देवी, ऐ.ऐ. पोखरिया नगरपालिका–७ की निवासी, समेत नियन्त्रणमा परेकी छन् ।

दुवै जनालाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय सिमरा, बारामा राखिएको प्रहरीले जनाएको छ । बरामद स्थान इलाका प्रहरी कार्यालय सिमरादेखि करिब ३ किलोमिटर दक्षिणतर्फ पर्ने जनाइएको छ ।

# चार महिनादेखि प्रधानाध्यापक अनुपस्थित

**मधेशदृष्टि**
**सप्तरी ।**
विष्णुपुर गाउँपालिका–१ स्थित जनता माध्यमिक विद्यालय, खुरहुरियामा निमित्त प्रधानाध्यापक अशोककुमार यादव चार महिनादेखि अनुपस्थित रहेपछि विद्यालयको पठनपाठन र प्रशासनिक काम कष्टकर बन्दै गएको छ । विद्यालयको शिक्षक तथा लेखा अनुगमन समितिले पत्रकार सम्मेलन गर्दै प्रधानाध्यापक यादवले विभिन्न शीर्षकका बजेट अनियमित तरिकाले खर्च गरेको आरोप सार्वजनिक गरेको छ । उता, सहायक प्रधानाध्यापक महेशकुमार यादवका अनुसार लेखापरीक्षण र कारबाही प्रक्रिया अघि बढेपछि निमित्त प्रधानाध्यापक यादव विद्यालय नआएको जानकारी गराइएको छ । यसैबीच, गाउँपालिका अध्यक्ष उपेशप्रसाद यादवले भने आरोपको खण्डन गर्दै स्थानीय तहका केही शिक्षक र अभिभावककै कारण काम गर्ने वातावरण कमजोर बनेको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन